"नयाँ पत्रिका" राष्ट्रिय दैनिकमा प्रकाशित वर्ष १६ अंक २३६ , १ पुस २०७९, शुक्रबार

**साबल सहकारी संस्था लिमिटेड**
**धुम्वाराहीचोक,चक्रपथ, काठमाडौं**

# तेइसौं वार्षिक साधारण सभा बस्ने सम्बन्धी सूचना

## आदरणीय शेयर सदस्य महानुभावहरु,

यस संस्थाको संचालक समितिको मिति २०७९।०८।२९ गते बसेको बैठकको निर्णय बमोजिम संस्थाको तेइसौं वार्षिक साधारण सभा देहायका विषयहरुमा छलफल गर्न तल उल्लेखित मिति, समय र स्थानमा बस्ने भएकोले सम्पूर्ण सदस्यज्यूहरुलाई यस संस्थाबाट वितरित परिचय पत्र लिई स्वयम उपस्थितिको लागि यसै सूचनाद्वारा हार्दिक अनुरोध गर्दछु ।

**छलफलका विषयहरु :**

१. संचालक समितिको तर्फबाट अध्यक्षबाट प्रस्तुत वार्षिक प्रतिवेदनमा छलफल गरी पारित गर्ने सम्बन्धमा ।

२. लेखा सुपरिवेक्षण समितिको वार्षिक प्रतिवेदन उपर छलफल गर्ने सम्बन्धमा ।

३. लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७८।७९ को वित्तीय विवरणहरु उपर छलफल गरी अनुमोदन गर्ने सम्बन्धमा ।

४. संचालक समितिबाट आर्थिक वर्ष २०७८।७९ को प्रस्तावित लाभांश अनुमोदन गर्ने सम्बन्धमा ।

५. आ.व. २०७९/८० को लागि प्रस्तावित वार्षिक बजेट अनुमोदन गर्ने सम्बन्धमा ।

६. आ.व. २०७९/८० को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

७. साधारणसभा सम्बन्धी निर्णय पुस्तिकामा हस्ताक्षर गर्न सदस्यहरुको तर्फबाट प्रतिनिधिहरु चयन गर्ने सम्बन्धमा ।

८. संस्थाको विनियम २०५६ तथा कार्यविधीहरु शंशोधन गर्ने सम्बन्धमा ।

९. विविध ।

**साधारण सभा हुने मिति, समय र स्थान :**

मिति : २०७९ पौष ३० शनिबार

समय : बिहानको ११:०० बजे ।

स्थान : मिराकल पार्टी भेन्यू,
का.म.पा वडा नं ४ सुकेधारा, काठमाडौं ।

आज्ञाले

(सरोज आचार्य)
उप-व्यवस्थापक

**सम्पर्क**

फोन : ०१४३७६६९५, ०१४३७०७२५
मोवाइल नं : ९७६५४२३०६२
*E-mail Address: sabalsahakari@gmail.com*
*Website: www.sabalcooperative.com.np*

नोट: मिति २०७९ पौष २४ गते देखि नै कार्यालय समयमा सदस्यहरुलाई वार्षिक प्रतिवेदन उपलब्ध गराई आवश्यक प्रतिकृया तथा लिखित सुझाव दिन समेत व्यवस्था मिलाइएको छ ।

# तेइसौं वार्षिक साधारणसभामा
# कार्यकारी अध्यक्षबाट प्रस्तुत संचालक समितिको प्रतिवेदन

तेइसौं वार्षिक साधारणसभामा उपस्थित हुनुभएका आदरणीय सल्लाहकारज्यूहरु, लेखा सुपरीवेक्षण समितिका संयोजकज्यू तथा सदस्यज्यूहरु र संस्थाका सम्पूर्ण सदस्यज्यूहरुमा संचालक समितिको तर्फबाट हार्दिक स्वागत तथा अभिवादन गर्दछु ।

नेपालको संविधानले सहकारी क्षेत्रको सहभागिता र सक्रियता मार्फत मुलुकको दिगो आर्थिक विकास हासिल गर्ने घोषणा गरेको छ । यस उद्देश्यबाट मुलुकभरका सहकारीहरुको क्षमता विकास, संचालन, व्यवस्थापन र संस्थाको उपादेयता प्रष्टिने कुरामा हामी विश्वस्त छौं । "संघिय सहकारी ऐन २०७४", "संघीय सहकारी नियमावली २०७५", "प्रदेश सहकारी ऐन २०७६" र "प्रदेश सहकारी नियमावली २०७६"ले धेरै नवीन व्यवस्था गरेतापनि संस्थाको सदस्य र क्षेत्राधिकारका सवालमा भने अझै साँघुरो व्यवस्था रहेको छ । स्थानीय तहको क्षेत्राधिकारभित्र समेत  सहकारी रहेको हुँदा परिवर्तित कानूनी व्यवस्थाबाट संघ, प्रदेश र स्थानीय सरकारहरुसंग सहकारी संस्थाहरुले समन्वय र सम्वन्ध स्थापित गरी भविष्यमा निरन्तरता दिनुपर्ने देखिन्छ ।

**आदरणीय सदस्यहरु,**

संस्थाको सवलताको लागि पूँजीको पर्याप्तता, वित्तीय अनुशासन, संस्थागत सुशासन तथा सदस्यहरुको  बचतको सुरक्षणजस्ता कुराहरुले बिशेष महत्व राख्दछ । साबल सहकारी संस्थाले यी कुराहरुलाई गम्भिरताका साथ लिएको छ र सदस्यहरुको बचतको संरक्षणलाई उच्च प्राथमिकतामा राखेर ऋण लगानी र असुलीको कार्यमा चनाखो भई काम गर्दै आएको छ । सदस्यहरुलाई कसरी सरल र सहज ढंगबाट छोटो समयावधिमा सेवा प्रवाह गर्न सकिन्छ भन्ने बिषयमा व्यवस्थापन सदैव सजग रहँदै आएको छ ।

विगत केही वर्षदेखि संस्था आफ्नै स्वामित्वको सुविधायुक्त भवनबाट संचालन हुँदै आएको छ । यसबाट संस्थाको सम्पत्तिमा उल्लेख्य वृद्धि भै रहेको व्यहोरा समेत जानकारी गराउन चाहन्छु । यसबाट संस्थाका सम्पूर्ण सदस्यहरुमा गौरव अनुभूति हुनुका साथै संस्थाप्रतिको विश्वसनियतामा समेत थप वृद्धि भएको छ ।

संस्थाको समग्र वित्तीय कारोबारलाई व्यवस्थित, मर्यादित, पारदर्शी र सुशासित बनाउन समीक्षा अवधिमा संचालक समितिको २६ पटक बैठक बस्यो  र बैठकमा प्रस्तुत भएका प्रस्तावहरु उपर गंभिरतापूर्वक छलफल भई सर्वसम्मत निर्णय भएको व्यहोरा यहाँहरु समक्ष राख्न चाहन्छु ।

सदस्यहरुबाट प्राप्त बचतलाई अधिकतम परिचालन गर्न लगानीका केही नयाँ क्षेत्रहरुको पहिचान गरि त्यस्ता क्षेत्रहरुमा लगानी गर्दा अपनाइने कार्यबिधी समेत तर्जुमा गरी विगत केही वर्षदेखि कार्यान्वयनमा ल्याईएको छ । तरलता तथा लगानी व्यवस्थापन गर्ने सन्दर्भमा समीक्षा अवधिमा ब्याजदरमा समसामयिक परिवर्तन गरिएको छ ।

संस्थाको कारोवारलाई व्यवस्थित तथा पारदर्शी वनाउन लेखा सुपरिवेक्षण समितिबाट निरन्तर रुपमा नीतिगत सुझाव, हरहिसाब परीक्षण तथा अनुगमन गर्ने कार्य हुँदै आएको छ र चौमासिक रुपमा महत्वपूर्ण राय तथा सुझाव र निर्देशनहरु प्राप्त भई रहेका छन् । लेखा सुपरीवेक्षण समितिबाट प्राप्त हुने लिखित प्रतिवेदन सम्वन्धमा लेखा सुपरीवेक्षण समिति र संचालक समितिको संयुक्त वैठकमा छलफल गरी सुझावहरु कार्यान्वयन गर्ने परम्परालाई निरन्तरता दिइएको छ । यसबाट संस्थाको आन्तरिक नियन्त्रण प्रणाली मजबुत हुनुको साथै संस्थागत सुशासनमा थप योगदान पुगेको छ ।

संस्थाको निरन्तर विकासमा सल्लाहकारज्यूहरुको ब्यक्तित्व र भूमिकाले ठुलो योगदान पुऱ्याएको छ । यस समीक्षा वर्षमा पनि सल्लाहकारज्यूहरुबाट संस्थाको बृहत्तर हितका लागि महत्वपूर्ण सल्लाह, सुझाव र मार्गदर्शनहरु प्राप्त भएका छन् ।

संस्थाको सम्पूर्ण कार्य ठीक, दुरुस्त र पारदर्शी बनाई राख्नका लागि र व्यवस्थापनलाई विविध सहयोग पुऱ्याउने उद्देश्यले गठित उप-समितिहरुबाट समीक्षा अवधिमा भए गरेका कार्यहरुको संक्षिप्त विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१. **ऋण उप-समिति :** यस उप-समितिले संस्थाबाट प्रवाह हुने ऋणलाई सुरक्षित बनाउन र धितोको गुणस्तरमा कमी हुन नदिने उद्देश्यले सदस्यहरुबाट माग भएको ऋणको लागि धितो रहने संपत्तिको स्थलगत निरीक्षण गरी ऋण पूर्णतः सुरक्षित हुने देखेमा मात्र ऋण प्रवाह गर्न आफ्नो रायसहित संचालक समिति समक्ष सिफारिश गर्ने कार्य गर्दै आएको छ । साथै ऋण सुरक्षित होस् भन्ने उद्येश्यले रु. दस लाख भन्दा बढी ऋण लगानी गर्दा सहकारी सम्बन्धी मापदण्ड तथा निर्देशानुसार संस्थागत मूल्यांकनकर्ताबाट समेत मूल्यांकन गराई ऋण प्रवाह गर्ने गरिएको छ । यी कार्यहरु सम्पन्न गर्न समीक्षा अवधिमा यो उप-समितिको ४१ पटक बैठक बसेको थियो ।

२. **ऋण असुली उप-समिति :** भाखा नाघेको ऋण असुली कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन आवश्यक नीतिगत तथा कार्यविधिगत व्यवस्था गरी कार्यान्वयन गर्न यो उप-समिति सक्रिय छ । उप-समितिको सिफारिश बमोजिम भाखा नाघेको ऋण असुली, छुट/मिनाहा सिफारिस तथा धितो लिलाम प्रक्रिया अघि वढाउने तर्फ विभिन्न नीतिगत,

प्रक्रियागत तथा असुलीका कार्यहरु सम्पन्न गरिएको छ । असुल हुन नसकेका भाखा नाघेका ऋणहरुलाई सार्वजनिक गरी असुलीको लागि आवश्यकता अनुसार लिलाम बढाबढको प्रक्रियामा जाने कार्य समेत गर्ने गरिएको छ। यसबाट संस्थाको भाखा नाघेको ऋण असुलीमा उल्लेख्य प्रगति भएको देखिन्छ । यस उप-समितिको बैठक समीक्षा अवधिमा ७ पटक बस्यो ।

३. **सामाजिक सेवा उप-समिति :** २०६२ साल फागुन ७ गतेदेखि साबल स्वास्थ्य केन्द्र स्थापना गरी सामाजिक सेवा उप-समितिको पहलमा निःशुल्क प्रसुति तथा स्त्रीरोग सम्बन्धी उपचार सेवालाई निरन्तरता दिँदै आएको छ । विशाल मिलन केन्द्रमा रहेको कार्यालयबाट प्रत्येक शनिवार उपलब्ध हुने यस्तो सेवा अन्तर्गत नियमित स्वास्थ्य परीक्षण, बिशेष स्वास्थ्य परीक्षण, क्यान्सर रोगको परीक्षण, रक्तदान कार्यक्रम जस्ता जनस्वास्थ्यसंग सरोकार राख्ने कार्यहरु हुँदै आएका छन् । समीक्षा अवधिमा नियमित तर्फ ३२० जनाको निशुल्क स्वास्थ्य परीक्षण गरिएको छ भने ३ जनालाई रिङ्ग पेसारी लगाइएको छ । यी सबै कार्यको लागि सामाजिक सेवा उप-समितिको बैठक १० पटक वस्यो ।

४. **ब्याजदर निर्धारण तथा नियमन उप-समिति :** यस उप-समितिले संस्थाको आर्थिक स्थितिलाई सुदृढ राख्न बाह्य वित्तीय बजार र संस्थाको तरलताको अवस्थालाई मध्यनजर राखी संस्थाले दिने/लिने ब्याजदरलाई समयसापेक्ष परिवर्तन गर्न संचालक समिति समक्ष समय समयमा सिफारिस गर्ने गरेको छ र सोही आधारमा संचालक समितिले आवश्यकता अनुसार ब्याजदरमा हेरफेर गर्ने गरेको छ। समीक्षा अवधिमा यस उप-समितिको ५ पटक बैठक बस्यो ।

५. **पदपूर्ति तथा संस्थागत सुशासन उप-समिति :** यस उप-समितिले संस्थामा रिक्त रहेको पदको पदपूर्ति र कार्यरत कर्मचारीहरुको कार्यविवरण संकलन गरी कार्यसम्पादन मूल्यांकन तथा कर्मचारीहरुको बृत्तिविकासको लागि आवश्यक सल्लाह सुझाव दिने गरेको छ। सो कार्यको लागि समिक्षा अवधिमा यस उप-समितिको बैठक ८ पटक बस्यो ।

६. **सहकारी शिक्ष उप-समिति :** यस उप-समितिले संस्थाका सल्लाहकार, संचालक समिति, लेखा सुपरिवेक्षण समिति, कर्मचारी एवं सदस्यहरुमा सहकारी सम्बन्धि महत्वपूर्ण ज्ञान एवं शिप अभिवृद्धि गर्न तालिम गोष्ठी गर्ने गरेको छ। सो कार्यको लागि समीक्षा अवधिमा यस उप-समितिको बैठक ४ पटक बस्यो ।

## वित्तीय विवरणहरु

यस संस्थाको २०७८ माघ २२ मा सम्पन्न बाइसौं वार्षिक साधारण सभाबाट आ.व. ०७८।७९ को लेखा परीक्षणको लागि नियुक्त गरिएका **यू.आर.पौडेल एण्ड एसोसिएट्सका चार्टर्ड एकाउन्टेन्टस् श्री उमेश राज पौडेल**बाट आ.व.२०७८/७९ को लेखा परीक्षण कार्य सम्पन्न भएको व्यहोरा यहाँहरुलाई जानकारी गराउँछु । चालु आर्थिक वर्षको हरहिसाब लेखा परीक्षणको लागि लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक तोक्ने सम्बन्धी निर्णय यसै साधारण सभाबाट हुनु पर्नेछ ।

यस संस्थाले आ.व. २०७८।७९ देखि NFRS System पनि लागु गरी लेखा परिक्षण सुरु गरिएको छ । यसबाट संस्थाको वित्तीय शुशासनमा प्रगति हुने विश्वास लिएको छु ।

लेखा परीक्षकको प्रतिवेदन, आषाढ ३२, २०७९ को वित्तीय स्थितिको विवरण (वासलात) तथा आ.व.२०७८/७९ को आय विवरण (नाफा/नोक्सान हिसाब) यहाँहरु सबैलाई उपलब्ध गराइएको छ । ती प्रतिवेदन तथा विवरणबाट संस्थाको वास्तविक वित्तीय स्थिति स्पष्ट हुनेनै छ । तर पनि समीक्षा अवधिका प्रमुख वित्तीय विवरणहरु यहाँहरु समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

आ.व. २०७८/७९ मा संस्थाको कुल आय रु.१५,७४,५९,७१९।- भयो भने कुल खर्च रु. १०,३५,२१,७४४।- भयो । यस खर्चमा ऋण नोक्सानी व्यवस्थाको लागि छुट्याईएको रकम रु. २९,८१,४५२।-, कर्मचारी बोनस ब्यवस्था र कर्मचारी उपदान ब्यवस्थाको लागि छुट्याईएको रकम रु. १५,८९,५२१।- समेत समावेश भएको व्यहोरा जानकारी गराउँदछु । यस अनुसार आयकर अघिको बचत रु. ५,३९,३७,९७५।- हुन आउँछ भने करपछिको खुद बचत रु. ४,८५,८२,५६२।– हुन गएको छ ।

आ.व. २०७८/७९ मा संस्थाको कारोवारको वार्षिक लक्ष्य र प्रगति विवरण निम्नानुसार भएको व्यहोरा जानकारी गराउँदछु ।

**आ.व. २०७७/७८ र २०७८/७९ को कारोवारको तुलनात्मक विवरण (रु.हजारमा)**

| क्र.सं. | शीर्षक | २०७७/७८ यथार्थ | २०७८/७९ | | लक्ष्यको तुलनामा प्रगति (प्रतिशत) |
|---|---|---|---|---|---|
| | | | लक्ष्य | यथार्थ | |
| १. | शेयर पुँजी | १०,२४,७० | ११,००,०० | १०,१९,६० | ९२.६९ |
| २. | निक्षेप संकलन | १,०८,३२,०८ | १,१५,००,०० | ९४,४२,२७ | ८२.११ |
| ३. | ऋण सापटी | ७८,६०,८० | ९६,००,०० | ८२,४२,४२ | ८५.८६ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४. | संचालन खर्च | १,२३,८७ | १,४६,५८ | १,२७,९७ | ८७.३० |
| ५. | ऋण नोक्सानी व्यवस्था | १५,८१ | – | २९,८१ | – |
| ६. | व्याज खर्च | ९,७५,९५ | ११,२५,०० | ८,७७,४३ | ७७.९९ |
| ७. | व्याज आम्दानी (बैंक ब्याज समेत) | ११,४५,११ | १५,६४,०० | १३,७३,८७ | ८७.८४ |
| ८. | अन्य आम्दानी | २,०८,०१ | ८२,१५ | २,००,७२ | २४४.३३ |
| ९. | बचत (करअघि) | २,३७,४९ | ३,७२,२२ | ५,३९,३८ | १४४.९१ |

माथि उल्लेखित कर अघिको बचत रु ५,३९,३७,९७५।- लाई देहाय बमोजिम बाँडफाँड गरिएको छ :

| **क्र.सं.** | **विवरण** | **रकम रु.** |
|---|---|---|
| १. | चालु कर | ४१,६७,१५९।- |
| २. | स्थगन कर | ११,८८,२५४।- |
| ३. | जगेडा कोष | ९५,५६,००७।- |
| ४. | संरक्षित पूँजी फिर्ता कोष | ७१,६७,०००।- |
| ५. | सहकारी प्रवर्द्धन कोष | १,४३,०००।- |
| ६. | सहकारी शिक्षा कोष | १०,६८,०००।- |
| ७. | शेयर लाभांश कोष | १,५९,१७,०००।- |
| ८. | सहकारी विकास कोष | १०,६८,०००।- |
| ९. | घाटा पूर्ति कोष | १०,६८,०००।- |
| १०. | सामुदायिक विकास कोष | १०,६८,०००।- |
| ११. | अन्य जोखिम व्यवस्थापन कोष | १०,६८,०००।- |
| १२. | विपत कोष | १,००,०००।- |
| १३. | ब्याज मुल्तबी कोष | १,०३,५९,५५५।- |
| | **जम्मा** | **५,३९,३७,९७५।-** |

यस वर्ष संचालक समितिले सिफारिश गरे बमोजिम सदस्यहरुलाई १५ प्रतिशत प्रतिफल वितरण गर्न स्वीकृतिका लागि सम्मानित सभामा प्रस्ताव राख्दछु ।

“संरक्षित पूँजी फिर्ता कोष कार्यविधी २०७८” ले व्यवस्था गरे अनुरुप आ.व. २०७८।८९ मा संस्थाले संरक्षित पूँजी फिर्ता कोषमा विनियोजन भएको रकमलाई न्यायोचित र पारदर्शी रुपले शेयरधनि सदस्यहरुलाई लाभान्वित गराउन र शेयर सदस्यहरुले संस्थाबाट साविक रुपमा गरेको व्यवसायिक सरोकारलाई सम्मान र प्रोत्साहन गर्दै असल ऋणी तथा बचतकर्ता सदस्यहरुलाई व्यवसायिक कारोवारको लागि अझ आकर्षित गर्न संस्थाको विद्यमान नीतिको परिधिभित्र रही उक्त कोषमा छुट्याइएको रकम रु. ७१,६७,०००।- (अक्षरेपी रु. एकहत्तर लाख सत्सठ्ठी हजार मात्र) नियमानुसार वितरण गर्न समेत सम्मानित सभामा प्रस्ताव राख्दछु ।

**राजश्वमा योगदान :**

आ.व. २०७८/७९ मा संस्थाले राजश्वमा रु. १,००,५८,७२०/- (अक्षरेपी रु. एक करोड अन्ठाउन्न हजार सात सय बीस मात्र) योगदान पुऱ्याएको व्यहोरा पनि जानकारी गराउँदछु ।

**ऋण नोक्सानी व्यवस्था :** वित्तीय कारोवार गर्ने सहकारी संस्थाहरुलाई तोकेको मापदण्ड र नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाहरुलाई दिएको निर्देशन समेतलाई आधार मानी यस संस्थाले आ.व. २०५८/५९ देखि प्रत्येक आर्थिक वर्षमा ऋण नोक्सानी व्यवस्था गर्दै आएको व्यहोरा यहाँहरु सबैमा विदितै छ । आ.व. २०७८/७९ मा पनि रु. २९,८१,४५२।०० ऋण नोक्सानी व्यवस्था गरिएको छ । यो रकम समेत कुल ऋण नोक्सानी व्यवस्था रु. २,३७,८७,११३।०० रहेको छ । यो व्यवस्थाबाट जोखिम न्यूनीकरण गर्न महत्वपूर्ण सहयोग पुग्ने छ ।

**संवत् २०७९ पुस १५ सम्मको वित्तीय विवरण :**

अब म संस्थाको चालु आ.व.को पुस १५ सम्मको वित्तीय विवरणहरु बारे सम्मानित सभालाई संक्षिप्त जानकारी गराउने अनुमति चाहन्छु ।

| सि.नं. | विवरण | रकम रु.(हजारमा) |
|---|---|---|
| १. | शेयरपुँजी | १०,०२,७५ |
| २. | निक्षेप संकलन | ८६,०९,१२ |
| ३. | ऋण सापटी | ७९,०२,७९ |
| ४. | व्याज आम्दानी | ५,६४,०८ |
| ५. | अन्य आम्दानी | ३१,६९ |
| ६. | संचालन खर्च | ४१,४८ |
| ७. | व्याज खर्च | ३,९१,०९ |

यस सभामा प्रस्तुत भएका प्रगती विवरण, लेखापरीक्षकको प्रतिवेदन सहितका वित्तीय विवरण र आ.व. २०७९/८० को लागि प्रस्तावित बजेटमाथिको छलफलमा सक्रिय सहभागी हुनु भई आ.व. २०७८/७९ को लेखापरीक्षण प्रतिवेदन सहितको विवरणहरु र आ.व. २०७९/८० को लागि प्रस्तावित वार्षिक बजेट, प्रस्तावित लाभांश र "संघिय सहकारी ऐन २०७४", "संघिय सहकारी नियमावली २०७५", "प्रदेश सहकारी ऐन २०७६" र "प्रदेश सहकारी नियमावली २०७६" अनुरुप संस्थाको विनियमलाई अद्यावधिक गर्ने संशोधन प्रस्ताव पेश गरिएको छ । प्रस्तावित विनियम र कार्यविधिहरु पारित गरिदिनु हुन यहाँहरु सबैसंग हार्दिक अनुरोध गर्दछु ।

विगतको COVID 19 को महामारी एवं पूँजी बजारमा विद्यमान वित्तीय तरलता अभावहरुका बाबजुद यस संस्थाले आफ्ना कार्यक्रमहरुलाई सुचारु रुपमा संचालन गर्दै आएको छ । यस्ता कठिन परिस्थितीहरुमा संस्थाका सदस्यहरुले गर्नु भएका निरन्तर सहयोगहरुका लागि संस्था आभार व्यक्त गर्दछ ।

हामी सबैको सहकार्यको धरोहर यस संस्थाको विकासका लागि विगतका साधारण सभामा सदस्य महानुभावहरुले दिनु भएको अमूल्य सुझाव एवं सल्लाह संस्थाले आत्मसात गरी लागू गर्ने प्रयत्न जारी राखेको छ । सम्पूर्ण सदस्यहरुको निरन्तर सहयोग र सद्भावको कारण संस्था आजको यो अवस्थामा आइपुगेको हो । भविष्यमा पनि हरतरहको सहयोग, सद्भाव, अमूल्य सुझाव तथा मार्गदर्शन प्रदान गर्नु हुनेछ भन्ने बिश्वासका साथ सम्पूर्ण सदस्य महानुभावहरु, नियमनकारी निकाय तथा संस्थाका शुभ चिन्तकहरुप्रति हार्दिक कृतज्ञता सहित धन्यवाद ज्ञापन गर्दछु । संस्थालाई यस अवस्थामा पुऱ्याउन अथक परिश्रम गर्ने कर्मचारीहरुलाई समेत धन्यवाद दिन चाहन्छु । साथै सदस्य महानुभावहरुबाट प्राप्त सल्लाह र सुझावलाई घोषित कार्यक्रममा समेटी लागु गर्दै जाने प्रतिवद्धता समेत जाहेर गर्दछु ।

**धन्यवाद !**

२०७९ पौष ३० गते, शनिबार ।

तीर्थराज खरेल

( तीर्थराज खरेल )

कार्यकारी अध्यक्ष

# साबल सहकारी संस्था लिमिटेड

को

२३ औं वार्षिक साधारण सभा समक्ष प्रस्तुत

## आर्थिक वर्ष २०७८।०७९ को लेखा सुपरीवेक्षण समितिको वार्षिक प्रतिवेदन

(प्रदेश सहकारी ऐन २०७६ को दफा ४५ को उपदफ १(च) को वर्षिक प्रतिवेदन, मापदण्ड २०७७ को दफा ११ सँग सम्बन्धित अनुसूची २ वमोजिमको प्रतिवेदन)

यस सर्वोच्च अङ्को रुपमा रहेको सभाका सभापतिज्यू, संचालकज्यूहरू, सल्लाहकारज्यूहरू, लेखापरीक्षकज्यू , उपस्थित सार्वभौम सदस्यज्यूहरू, संस्थाको मेरूदण्डको रूपमा रहनु भएका कर्मचारी मित्रहरू, यस २३ औं वार्षिक साधारण सभामा उपस्थित हुनु भएका सबै सदस्य महानुभावहरूमा लेखा सुपरीवेक्षण समिति र म स्वयंको तर्फबाट हार्दिक स्वागत गर्दै न्यानो सहकारी अभिवादन गर्दछु ।

सदस्य महानुभावहरूले २० औं वार्षिक साधारण सभाबाट ४ वर्षको लागि विश्वासका साथ निर्विरोध रूपले निर्वाचन गरी चयन गराउनु भएकोमा सर्वोच्च अंगको रुपमा रहेका यस सभाका सार्वभौम सदस्यज्यूहरु प्रति यो समितिको तर्फबाट आभार व्यक्त गर्दै पुनः धन्यवाद दिन चाहन्छौं । गत वर्ष सम्पन्न भएको २२ औं वार्षिक साधारण सभाबाट समेत यस समितिलाई सार्वभौम/सर्वाधिकार सम्पन्न आदरणीय शेयर सदस्य महानुभावहरूबाट प्राप्त भएको मार्गदर्शनका साथै प्रचलित सर्वमान्य लेखा सिद्धान्त सहकारी ऐन, नियम, मापदण्ड, निर्देशिकाहरु र संस्थाको विनियम, कार्यविधीहरु आदी समेतलाई मध्यनजर राखी यस समितिले समिक्षा आर्थिक वर्ष २०७८।०७९ को संस्थाको हिसाव किताब तथा कारोवारको परीक्षण गरी तोकिए बमोजिमको ढाँचामा यो वार्षिक प्रतिवेदन तयार गरी प्रदेश सहकारी ऐन २०७६ को दफा ३२ को उपदफा (१)ले संस्थाको सर्वोच्च अंगको रुपमा परिभाषित यस सम्मानित सार्वभौम सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

(१) अघिल्लो साधारण सभाको कार्यान्वयनको अवस्था : –

– अघिल्लो साधारण सभा मिति २०७८।१०।२२ मा सम्पन्न भएको र सो साधारण सभाका निर्णयहरू क्रमशः कार्यान्वयन हुँदै गएको देखिन्छ ।

(२) आ.व. २०७८।०७९ को (२०७८ श्रावण देखि २०७९ आषाढ मसान्त सम्मको) अवधिमा संचालक समितिको २६ वटा बैठक बसेको र भएका निर्णयहरू क्रमशः कार्यान्वयन हुँदै गएको देखिन्छ ।

(३) ऋण लगानीको प्रकृया, ऋण वापतको सुरक्षण वा धितो सम्वन्धी व्यवस्था :–

– तलका सम्वन्धित प्रकरणहरूमा उल्लेख गरिएको छ ।

(४) प्रदेश सहकारी ऐन २०७६, प्रदेश सहकारी नियमावली २०७६, सहकारी संघ/संस्था दर्ता, संचालन, अनुगमन तथा नियमन सम्बन्धी मापदण्ड २०७७ र बागमती प्रदेश सरकारले जारी गरी नसकेको अवस्थामा सहकारी विभागबाट जारी गरिएका प्रचलित मापदण्ड/निर्देशन/निर्देशिकाहरूको पालना सम्वन्धी संक्षिप्त विवरण :–

– प्रचलित मापदण्ड/निर्देशन/निर्देशिकाहरू क्रमिकरूपले पालना गर्दै गरेको देखिएतापनि मिति २०७६।०२।१३ देखि लागु हुने गरी प्रदेश राजपत्रमा प्रकाशित "प्रदेश सहकारी ऐन २०७६" तथा "प्रदेश सहकारी नियमावली २०७६", मन्त्रालयबाट मिति २०७७।०५।२९मा स्वीकृत "सहकारी संघ/संस्था दर्ता, संचालन, अनुगमन तथा नियमन सम्बन्धी मापदण्ड २०७७", नेपाल सरकार, भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयले मिति २०७४।१०।१५ मा जारी गरेको

"सम्पती शुद्धीकरण निवारण सम्बन्धी सहकारी संघ संस्थालाई जारी गरिएको निर्देशन २०७४" र यसै मन्त्रालय(संघिय)ले देशभर रहेका लगभग ३४ हजार भन्दा बढी सहकारी संस्थाहरुमा आ.व. २०७७/०७८ देखि एकरुपमा ल्याउनको लागि सहकारी विभाग राष्ट्रिय सहकारी महासंघ, नेपाल लेखामान बोर्ड, नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि.(नेफस्कुन), नेपाल चार्टर्ड एकाउण्टेण्ड संस्था, समकक्षीहरुसँग प्रश्नावली, परामर्स, अन्तर्कृया आदीको लागि जाँचसूची र फोकस समुह छलफल (FGDS)का साथै गरिबी निवारण मन्त्रालयका टोलीसँग समेतको परामर्समा तयार गरी २०७७ श्रावण देखि लागुहुने गरी जारी गरिएको "सहकारी क्षेत्र वित्तिय प्रतिवेदन ढाँचा (लेखानिती, लेखासूँची र लेखा मापदण्ड-२०७६)" मिति २०७९।०२।१२ र २०७९।०४।३१ मा विभागले जारी गरेको एकीकृत निर्देशन २०७९(३५ बुँदे) र सहकारी विभागको निर्देशन (११ बुँदे)लाई पूर्णरूपले पालना गर्ने तर्फ उच्च व्यवस्थापन/संचालक समितिमा विस्तृत छलफल हुँदा क्रमशः पालना गर्दै जाने प्रतिवद्धता समेत व्यक्त भै समीक्षा वर्ष २०७८/०७९ मा पालना गर्न बाँकी भएका विषयहरुमा यस समितिले प्रथम, दोस्रो र तेस्रो चौमासिक प्रतिवेदनहरुमा औंल्याईएका थियौं र सो विषयहरुमा ऐन नियम अनुसार छलफल नभै मिति २०७९।०९।१५ मा तिनैबटा प्रतिवेदनहरु उपर एकै पटक छलफल भै कमिकमजोरीहरु सुधार गर्ने प्रतिवद्धता समेत व्यक्त भएको व्यहोरा सम्मानित सभालाई जानकारी गराउदछौं ।

(५) सहकारी कार्यालय, विभाग वा सम्वन्धित संघले अनुगमन गरी दिइएको प्रतिवेदन अनुसारका निर्देशन/सुझावहरू कार्यान्वियन सम्वन्धी विवरणहरू :–

– प्रतिवेदन अनुसारका निर्देशन/सुझावहरू आवश्यकता अनुसार क्रमशः कार्यान्वयन गर्दै गईरहेको र सुधार गर्न बाँकी बुँदाहरू भने सहकारी विभाग (अनुगमन शाखा) को मिति २०७४।०४।३२ को पत्रानुसार सुधार गर्न प्रतिवद्धता व्यक्त गरेका बुँदाहरू उपर तत्पश्चात भए गरेका कारवाहीको थप प्रगती विवरण नियमित रूपले पेश गर्दै जानुपर्ने देखिन्छ ।

(६) पदाधिकारीहरूको पारिश्रमिक, भत्ता र अन्य सुविधाहरूको विवरण :–

६.१) पारिश्रमिक :–

क) कार्यकारी अध्यक्ष– रू. ५०,२४०/–

ख) कार्यकारी अध्यक्षलाई पारिश्रमिकको १०% ले हुने रकम संचयकोष अनुदान वापत प्रदान गर्ने गरेको छ ।

६.२) भत्ता : –

क) वैठक भत्ता रू. २,०००/– प्रति बैठक प्रति संचालक

६.३) कार्यकारी अध्यक्षलाई प्रदान गरिएको बैठक भत्ता बाहेक अन्य थप सुविधाहरू :–

क) मासिक टेलिफोन खर्च रू. १,०००/–

ख) मासिक महङ्गी भत्ता रू. २,०००/–

ग) वार्षिक पोशाक भत्ता रू. १०,०००/–

घ) ऐन नियम निर्णय अनुसार पाउने वोनस, एक महिना बरोबरको तलब पर्व खर्च, १५/१५ दिन बरोवरको तलब अर्ध वार्षिक तथा वार्षिक खाताबन्दी भत्ता र औषधी उपचार बापत वार्षिक रूपले १५ दिनको तलव वरावरको रकम ।

ङ) हाजिर भएको दिनमा खाजा र परिवहन वापत प्रति दिन रू. १००/– का दरले हुने रकम भत्ता स्वरूप दिने गरेको छ ।

च) वार्षिक प्रोत्साहन भत्ता - एक दिनको तलब वरोवरको रकम ।

छ) पर्व खर्च/भत्ता - एक महिना वरोवरको तलब रकम ।

६.४) उपरोक्त बमोजिम हिसाब गर्दा यस आर्थिक वर्षमा कार्यकारी अध्यक्षलाई रु. ९,९१,२४३/- भुक्तानी भएको देखिन्छ ।

(७) कर्मचारी प्रशासन सम्वन्धी व्यवस्थाहरू: –

७.१) साधारण सभाबाट पारित कर्मचारी प्रशासन सम्वन्धी नियमावली भए /नभएको :

– भएको ।

७.२) कर्मचारी प्रशासन नियमावली प्रयोगमा ल्याइएको/नल्याइएको

– प्रयोगमा ल्याइएको छ ।

७.३) भर्ना प्रकृया पारदर्शी र प्रतिस्पर्धी भएको/नभएको : –

– भएको हाम्रो ठहर छ ।

७.४) कार्यरत कर्मचारीहरू र कार्यवोझ विच तादम्यता रहेको/नरहेको : –

– रहेको हाम्रो अनुमान छ ।

७.५) व्यवस्थापन प्रमुखको रूपमा कार्य गरिरहनु भएका "कार्यकारी अध्यक्ष" संचालक समितिको योग्यता र क्षमता सम्वन्धी विवरण : –

त्रि.वि.बाट मानविकी तथा सामाजिक शास्त्रमा स्नातक तह उतीर्ण भई देशको केन्द्रिय वैक नेपाल राष्ट्र वैकमा लामो समय सेवा गर्नु भएको योग्य र क्षमतावान् भएको हामीले महसुस गरेका छौं । हाल संस्थाको प्रमुख कार्यकारी अधिकृतको काम समेत कार्यकारी अध्यक्षबाट भैरहेको छ ।

७.६) कर्मचारी भर्ना प्रकृया र संख्या : –

(क) भर्ना प्रकृया–लिखित तथा अन्तरवार्ता

(ख) संख्या– १० जना

(१) करार – २ जना समेत – १० जना (कार्यकारी अध्यक्ष समेत) – २०७९ आषाढ मसान्तमा

(८) यस समितिले यस अघि दिइएका प्रतिवेदन वमोजिमका सुझावहरूको कार्यान्वयनको अवस्था : –

गत वर्ष सम्म यस समितिले चौमासिक रूपमा दिएका सुझावहरू क्रमशः कार्यान्वयन हुँदै गएकोमा यस समिक्षा वर्ष २०७८/०७९ को ३ वटै चौमासमा दिईएका सुझावहरुको छलफल मिति २०७९।०९।१५ का दिन एकै चोटी भएको र सहकारी मापदण्ड २०७७ को दफा ११ खण्ड (गं) अनुसार साधारण सभा बस्नुभन्दा कम्तिमा १५ दिन अगावै यस समितिले संचालक समितिमा पेश गर्नुपर्ने बाध्यात्मक व्यवस्था भएकोले औंल्याईएका सुझावहरु कार्यन्वयन भए नभएको यकिन गर्न संभव भएन ।

(९) अन्य विवरणहरू :-

आदरणीय सदस्य महानुभावहरू,

संस्थाले समिक्षा आर्थिक वर्ष २०७८।७९ मा गरेको कारोवारको वित्तीय विवरणहरू (टीप्पणीहरु समेत) गत वर्षकै ढाँचामा तयार नगरी लेखामान बोर्ड नेपाल (ASBN)द्वारा प्रकाशित भएको नेपाल चार्टर्ड एकाउण्टेण्डस् संस्था (ICAN)द्वारा घोषणा गरिएको नेपाल वित्तीय प्रतिवेदनमान (NFRS)को आधारमा प्रथम पटक तयार गरी लेखा परीक्षण समेत गराई संचालक समितिको तर्फबाट अध्यक्षज्यूले यहाँहरू समक्ष पेश गरिसक्नु भएकोले सो विवरणहरूमा संस्थाको ३ वर्षको तुलनात्मक कारोवारको अंक सहितको प्रगति स्पष्ट उल्लेख भएको ब्यहोरा यस सम्मानित सभालाई स्मरण गराउँदै समीक्षा वर्ष २०७८।७९ को सारांशमा मात्र निम्न विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छौं ।

९.१) शेयर पुँजी रू १०,१९,६० हजार

गत वर्ष १०,२४,७०० कित्ता शेयरको प्रति शेयर रु. १००/-ले रू. १०,२४,७० हजार शेयर पूँजी भएकोमा यस वर्ष ५१०० कित्ता शेयर न्यून भै १०,१९,६०० कित्ता भएको छ । जुन गत वर्षभन्दा रु. ५१० हजार न्यून भै रू. १०,१९,६० हजार भएको छ । प्रदेश सहकारी ऐन २०७६ (बागमती) को दफा ४९ को उपदफा (३) अनुसार शेयरको अंकित मूल्य प्रति शेयर रु. १००/- का दरले हुने बाध्यात्मक व्यवस्था गरेको हुँदा सोही अनुसार गणना गरी प्रस्तुत गरिएको व्यहोरा पनि स्मरण गराउन चाहन्छौं ।

९.२) सदस्य बचत रू.९४,४२,२७ हजार

गत वर्षान्तमा रू. १,०८,३२,०८ हजार बचत बाँकि रहेकोमा यस वर्षान्तमा १२.८३ (गत वर्ष ७.५७% ले बृद्धि भएको थियो) प्रतिशतले रू. १३,८९,८१ हजार न्यून भै रू. ९४,४२,२७ हजार पुगेको छ । उक्त निक्षेपमा औसत कुल लागत ११.४१ प्रतिशत (गत वर्ष १०.५२ प्रतिशत) का दरले (खुद नोक्सानी व्यवस्था र आयकर समेत) र औसत प्रत्यक्ष लागत ९.२९ प्रतिशत (गत वर्ष ९.०० प्रतिशत) का दरले वार्षिक लागत पर्न गएको देखिन्छ । प्राथमीक पूँजीकोषको अनुपातमा संस्थाले रू. २,३७,४६ लाख सम्म बचत संकलन गर्न सकिनेमा उक्त रकम संकलन भएको देखिन्छ । निक्षेपको १७.६२ प्रतिशत (मापदण्ड २०७७ को दफा २५ अनुसार गणना गरिएको) तरलता रहेको देखिन्छ ।

९.३) सदस्यहरूसँग बाँकि ऋण रू. ८२,४२,४२ हजार

विगत वर्षको शुरू मौज्दातमा गत वर्ष भरीमा वितरित र असुलीको समायोजन गर्दा रू. ७८,६०,८० हजार ऋण बाँकी भएकोमा यस बर्ष ४.८५ प्रतिशतले रू. ३,८१,६२ हजार बृद्धि भै बर्षान्तमा जम्मा रू. ८२,४२,४२ हजार ऋण बाँकी रहेको देखिन्छ ।

कुल बाँकि ऋण मध्ये गत बर्ष रू. १,४२,११ हजार भाखा नाघेको थियो भने यस बर्ष सो भाखा नाघेको ऋणमा २.०१ प्रतिशतले रू १,७२,०५ हजार बृद्धी भई रू ३,१४,१६ हजार भएको छ । कुल बाँकि कर्जा रू. ८२,४२,४२ हजारमा भाखा नाघेको ऋणको अंश ३.८१ प्रतिशत देखिन्छ । गत बर्ष सो रकमको अंश १.८१ प्रतिशत मात्र थियो भने यस बर्ष २.०० प्रतिशतले बृद्धी भएको देखिन्छ । यसरी बृद्धी हुँदै जानु राम्रो लक्षण होइन भने अर्कोतर्फ कुल ऋणको ३ प्रतिशत भन्दा बढी भाखा नाघेको ऋण हुनुलाई राम्रो मान्न नसकिने हुँदा कुल ऋणको ३% भित्रै रहने गरी असुली कार्यमा प्राथमिकता दिदै जानु पर्ने हाम्रो सुझाव पुनः दोहोऱ्याउन चाहन्छौं । ऋणको

सम्भाब्य नोक्सानीको लागि गत वर्षको आयबाट रू. १५,८१ हजार छुट्याइएकोमा यस वर्ष रू. २९,८१ हजार छुट्याइ कुल रू. २,३७,८७ हजार पुऱ्याइएको छ, जुन कुल आउटस्टैण्डीङ कर्जा रकमको २.८९ प्रतिशत हुन आउँछ। आ.व. २०७१।०७२ देखि बैक वित्तिय संस्थाहरुले पाए सरह कुल बाँकी ऋणको ५ प्रतिशत सम्मको ऋण नोक्सानी व्यवस्था बापतको खर्चलाई आयकर प्रयोजनको लागि खर्च छुट दिने आयकर ऐन २०५८ (सं.स) को दफा ५९ मा स्पष्ट व्यवस्था भएकोमा सोही सिमाभित्र नै रहेको देखिन्छ। ऋण नोक्सानी कोषको व्यवस्थाको लागि ऋणको वर्गिकरण गर्दा "सहकारी संघ/संस्था दर्ता, संचालन, अनुगमन तथा नियमन सम्बन्धी मापदण्ड २०७७" लाई पूर्ण रुपले पालना गर्नुपर्ने हाम्रो सुझाव पुनः दोहोऱ्याएको व्यहोरा सम्मानित सभालाई जानकारी गराउन चाहन्छौं।

९.३.१) संस्थापनकालका सदस्यहरू बाहेकका अन्य सदस्यहरूको जमानी मात्रमा गएको कर्जा मध्ये २०७८ आषाढ मसान्त सम्ममा ६ जना ऋणीहरुसँग सावा रू. ६,३६ हजार र ब्याज रु. ४,६१ हजार गरी जम्मा रु. १०,९७ हजार बाँकी रहेकोमा यस आ.व. २०७८।७९ आषाढ मसान्तमा ५ जना ऋणीहरूसँग साँवा रु. ५,९२ हजार र व्याज रु. ४,७३ हजार गरी जम्मा रू १०,६५ हजार असुल गर्न बाँकी रहेको देखिन्छ। उक्त कर्जाहरू प्रभावकारी रूपमा असुल गर्न प्राथमिकताका साथ थप कारवाही अगाडि बढाउन उच्च व्यवस्थापनको ध्यान पुनः आकृष्ट गराएको व्यहोरा पनि यस सम्मानित सभालाई पुनः जानकारी गराउँदछौं।

९.३.२) अपलेखन ( Book Write off )

विगत वर्षमा भएको १६ औं वार्षिक साधारण सभाबाट पारित "कर्जा अपलेखन कार्यविधी, २०७२ (प्रथम संशोधन २०७३ सहित)" अनुसार आ.व. २०७३।७४ मा २६ जना ऋणीसँगको लेना रकम अपलेखन हिसावमा सारिएकोमा सो अपलेखन गरिएका ऋणहरू उपर संस्थाको दावी यथावत् कायम रहने भएकोले संस्थाले आफ्नो लेना रकम दावी गरिरहनु पर्ने नै हुन्छ, यसरी दावी गर्दा प्राप्त हुन आउने रकम र बाँकी रकमको विवरण प्रत्येक वर्षको वित्तीय विवरणको प्रमुख लेखा नीति तथा लेखा सम्वन्धी टिप्पणीहरू मार्फत सरोकारवालाहरूलाई जानकारी समेत गराउनुपर्ने भनी यस समितिले गत/विगत वर्षहरुको प्रतिवेदनमा स्पष्ट उल्लेख गरेकोमा यस वर्ष पनि सो भए/गरेको देखिएन। यस्ता ऋणी सदस्यहरूको छुट्टै अभिलेख राखी कारवाही अगाडी वढाई राख्न व्यवस्थापनको ध्यान आकृष्ट गराए अनुसार व्यवस्थापनले कारवाही गरी विगत वर्ष रू. २५ हजार असुल उपर गरी आम्दानी बाँधेकोमा आ.व. २०७७।०७८ को कार्तिक मसान्त सम्ममा रु. ५५ हजार असुल भई बाँकी रु. ८५,२२ हजार मध्ये २०७९ असार मसान्तमा सावाँ रु. २५,९४ हजार, व्याज रु. ५९,२८ हजार हो। यस्ता सबै ऋणीहरूलाई निजहरूको ठेगानामा हुलाकबाट पत्र पठाउँदा घर ठेगाना पत्ता नलागेको भनि सबै पत्रहरू फिर्ता आएको देखिएकोले सदस्यता प्रदान गर्दा परिचय गराउने सदस्य र स्थानीय तहको सरकार (वडा कार्यालयहरु)सँग पत्राचार गरी संस्थाको ऋण सम्पत्तीको असुली वा सुरक्षित गर्नुपर्ने तर्फको कारवाही अघि बढाउनु पर्ने हाम्रो सुझाव दोहोऱ्याउदै आएको व्यहोरा यस सम्मानित सभा मार्फत उच्च व्यवस्थापनको ध्यान पुनः आकृष्ट गराउन चाहन्छौं।

९.३.३) असुल गर्न बाँकि व्याज रू. ६,५८,२२ हजार

उक्त असुल गर्न बाँकी व्याज मध्ये चालु आ.व. २०७९।८० को श्रावण मसान्त सम्ममा असुल भएको व्याज रू. १,७०,०० हजार २०७९ आषाढमै आम्दानी बाँधिसकेको सो न्यून गर्दा २०७९ श्रावण मसान्तमा रू. ४,८८,२२ हजार असुल गर्न बाँकी देखिएकोले सो बाँकी व्याज पनि असुल गर्न विशेष जोड दिनुपर्ने भनी यस समितिले सुझाव दिएको छ। गत वर्ष भन्दा यस वर्ष असुल गर्न बाँकी व्याज रू. १,९०,५५ हजार अर्थात ४२.८८ प्रतिशतले बृद्धि भएकोले असुलीको प्रयासहरू

अपर्याप्त देखिन्छ । असुल उपर गर्न बाँकी रहेको सबै व्याज असुल उपर नगरी आम्दानी बाँध्न नपाइने भएकोले पनि व्याज असुलीलाई विशेष प्राथमिकता दिनुपर्ने टड्कारो रूपमा देखिन आएको व्यहोरा पुनः स्मरण गराउदै रु. १० लाख देखि रु. ७२ लाख सम्म व्याज बाँकी हुने १५ जना ऋणी सदस्यहरुसँग मात्र जम्मा रु. ४ करोड ८६ लाख ९८ हजार बाँकी देखिएकोमा चालु आ.व. २०७९/०८० को प्रथम चौमासिक विवरण परिक्षण गर्दा रु. १० लाख देखि रु. ६२ लाख सम्म व्याज बाँकी हुने ५ जना ऋणी सदस्यहरुसँग मात्र रु. २ करोड ५० लाख ८९ हजार बाँकी रहेको व्यहोरा पनि यस सम्मानित सभा मार्फत उच्च व्यवस्थापनको ध्यान आकृष्ट गराउन चाहन्छौं ।

९.३.४) ऋणी सदस्यहरूबाट नियमितरूपले व्याज असुल गर्न उच्च व्यवस्थापनलाई निम्न सुझावहरू पेश गरिएको व्यहोरा पनि यस सम्मानित सभालाई पुनः जानकारी गराउन चाहन्छौं ।

(क) ऋण वितरण गर्नु अघि ऋणी सदस्यहरूले नियमित रूपले व्याज तिर्न सक्ने आय श्रोतको विश्लेषण गर्ने ।

(ख) तमसुकमा मासिक व्याज अनिवार्य रूपले तिर्ने गरी शर्त गराउने ।

(ग) प्रत्येक महिनाको मासिक व्याज अर्को महिनाको तोकिएको समयभित्र बुझाएमा तोकिएको प्रतिशत व्याज छुट दिने, तोकिएको मिति पछि मसान्तसम्म तिर्नेहरूलाई सो छुट नदिने र तत्पश्चात् मसान्त पछी व्याज तिर्न आएमा विलम्ब शुल्क तोकी सो तोकिएको विलम्व शुल्क समेत लिने गरेमा ऋणी सदस्यहरूले विलम्भ शुल्क तिर्नुपर्ने भयल समयमै व्याज तिर्ने कार्यमा सक्रिय रहन्छन् भन्ने हाम्रो ठहर यस सम्मानित सभा मार्फत संचालक समितिको ध्यान पुनः आकृष्ट गराएका छौं ।

घ) नविकरण गर्न आएमा नविकरण गर्ने अघिल्लो दिन सम्म पाकेको पुरै व्याज असुल गरेर मात्र नविकरण गर्ने ।

९.४) <u>जम्मा आम्दानी रू. १५,७४,५९ हजार</u>

गत वर्ष रू. १३,५३,१२ हजार जम्मा आम्दानी भएकोमा यस वर्ष १६.३७ प्रतिशत (गत वर्ष १.१९ प्रतिशतले न्यून थियो) ले रू २,२१,४७ हजार बृद्धि भई रू १५,७४,५९ हजार पुग्न गएको छ । संस्थाले कोभिड-१९ को माहामारीको कारणले व्यवसायमा आएको ह्रासले सदस्यहरुको आय घट्न गै व्याज तिर्न नसकेकाहरुलाई केही छुट दिएको र संस्थाले समयमा नै तिर्ने ऋणी सदस्यलाई दिने गरेको छुट समेत यस वर्ष रु. ६,५७ हजार छुट दिएको रकम आम्दानी व्याजमा न्यून गरी देखाईएको छ । सो कुल आम्दानीमा २०७९ श्रावण मसान्त सम्म असुल भएको व्याज रू. १,७०,०० हजार समेत समावेश गरिएको छ ।

९.५) <u>जम्मा खर्च रू १०,७६,८९ हजार (कर्जा नोक्सानी व्यवस्था रू २९,८१ हजार र आयकर रू. ४१,६७ हजार समेत)</u>

गत वर्ष जम्मा खर्च रू ११,३९,२४ हजार भएकोमा यस वर्ष ५.४७ प्रतिशतले रू. ६२,३५ हजार न्यून भै रू. १०,७६,८९ हजार हुन गएको छ । उक्त जम्मा खर्चमा व्याज खर्चको अंश ८१.४८ प्रतिशत रहेको छ भने ऋण नोक्सानी व्यवस्था र आयकरको अंश ६.६४ प्रतिशत रहेकोले प्रशासनिक खर्चको अंश १०.८८ प्रतिशत (गत वर्षको १०.८७ प्रतिशत थियो) देखिन्छ ।

९.६) <u>खुद बचत (नाफा) रू. ४,८५,८३ हजार</u>

गत वर्ष खुद वचत रू. ३,६७,४४ हजार भएकोमा यस वर्ष ३२.२२ प्रतिशतले रू १,१८,३९ हजार (गत वर्ष १७.८८ प्रतिशतले रू ३२,४५ हजार वृद्धि भएको थियो) बृद्धि भै रू. ४,८५,८३ हजार हुन

गएको छ । जम्मा आम्दानीको ३०.८५ प्रतिशतले खुद बचत रहेको छ भने शेयर पूँजीसँग खुद बचत तुलना गर्दा ४७.६५ प्रतिशतले पूँजीको प्रतिफल प्राप्त भएको देखिन्छ । जुन गत वर्ष ३५.८६ प्रतिशत थियो । उक्त खुद बचतलाई सहकारी ऐन, सहकारी नियमावली, सहकारी मापदण्ड, निर्देशनमा उल्लेखित व्यवस्थाहरुलाई पूर्ण रुपले पालना गरी बाँडफाँड गर्नुपर्ने हाम्रो ठहर पुनः दोहोऱ्याउन चाहन्छौं ।

९.७) नगद तथा बैंक मौज्दात रू. १६,६३,९० हजार (बैंक तथा सहकारीमा रहेको मुद्दतीको मौज्दात रु. १२,०७,५० हजार समेत)

प्रचलित मापदण्ड अनुसार कुल बाँकी निक्षेपको कम्तिमा (बैंक तथा सहकारीमा रहेका मुद्दती रु. १२,०७,५० हजार समेत) १५ प्रतिशतले हुने रू. १४,१६,३४ हजार तरलता कायम गर्नु पर्नेमा १७.६२ प्रतिशतले हुने रू. १६,६३,९० हजार तरलता कायम रहेको देखिन्छ ।

९.८) सम्पत्ती तथा उपकरण रू. १०,८८,९७ हजार

यस शीर्षकमा समावेश भएको मध्ये यस वर्ष रू ६,७७ हजार को सम्पती थप भएको र ऐन नियम अनुसार रू ३,२५ हजार ह्रास कट्टी गर्दा सो रकम बाँकी देखिन आएको हो ।

९.९) गैह्र वित्तीय सम्पती रू. १,९३,३८ हजार

ऋण प्रवाह गर्दा धितो स्वरूप संस्थाको नाममा लेखिएको सम्पतिहरू लिलाम गर्दा कसैबाट सकार नभएको कारणले संस्थाले सकार गरी "गैह्र वित्तीय सम्पति" शीर्षकमा लेखाङ्कन भएको सम्पती गत वर्ष रू. १,९३,३६ हजार बाँकी रहेकोमा यस वर्ष रू. २ हजार थप भै रू. १,९३,३८ हजार पुगेको छ । यस शीर्षकमा लेखाङ्कन भएको उक्त सम्पत्तिहरू बिक्रि गरी नगदीकरण गर्नु क्रममा अदालती कारवही भैरहेकोले रोकिएको देखिन्छ ।

९.१०) व्यवस्थापनबाट प्राप्त विवरण अनुसार संस्थाले यस आर्थिक वर्षमा निम्न वमोजिमका विभिन्न कर वापतको रू. १,००,५८ हजार सम्बन्धित राजश्व खातामा दाखिला गरी योगदान गरेको देखिएको व्यहोरा पनि सम्मानित सभालाई जानकारी गराउन चाहन्छौं ।

(रू हजारमा)

| | |
|---|---|
| (क) आयकर वापत– | ४१,६७ |
| (ख) व्याज कर वापत– | ४४,९७ |
| (ग) लाभांश कर वापत– | ७,३२ |
| (घ) पारिश्रमिक कर वापत– | २,७१ |
| (ङ) वैठक भत्ता कर वापत– | १,८० |
| (च) घरजग्गा कर- | ७ |
| (छ) अन्य कर वापत– | २,०४ |
| जम्मा | १,००,५८ |

(१०) सुझावहरू

१०.१) सहकारी विभाग, डिभिजन सहकारी कार्यालयले निरीक्षण गरी दिएको प्रतिवेदनमा औंल्याइएका सुझावहरू मध्ये अधिकांश सुझावहरू परिपालन भएको र केही बाँकी रहेका सुझावहरू पूर्ण रूपले पालना गर्दै जानुपर्ने देखिन्छ ।

१०.२) व्यवस्थापकीय सुधारको लागि PEARLS को विश्लेषण गरी सो को अभिलेख पूर्ण रूपले राख्दै जान सुझाव गरिएको छ ।

१०.३) सदस्यहरूलाई ऋण प्रवाह गर्दा पेश गरिने कागजातहरूमा सहकारी मापदण्ड २०७७को दफा २२ मा उल्लेखित परियोजना सहित ऋण लिनुको उद्देश्य (ऋणको प्रयोग) ऋणी सदस्य स्वयम्ले व्यहोर्ने स्व लगानी रकम (Equity) को आवश्यक प्रमाणित कागजातहरू सम्वन्धित सबै ऋणीहरूको फाइलमा राख्नुपर्ने र घरजग्गा खरिद गर्न ऋण दिनुपर्ने भएमा कुल मूल्यको बढीमा ४०% सम्म मा ऋण प्रवाह गर्नुपर्ने व्यहोरा कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

१०.४) परियोजनाको लागत मुल्यांकन गर्दा रु. १० लाख सम्मको भए कुनै एक संचालक, ऋण उप-समितिको एक सदस्य र व्यवस्थापकको सामुहिक टोलीले मुल्यांकन गर्ने र सो भन्दा बढी भएमा संस्थागत परियोजना मुल्यांकनकर्ताबाट गरेको हुनुपर्ने सहकारी मापदण्ड-२०७७ ले गरेको छ ।

१०.५) सुरू सुरूमा सदस्यहरूलाई ऋण प्रवाह गर्दा संस्था पूर्णरूपले सुरक्षित नभै ऋण वितरण गरिएको, सुरक्षित हुँदाहुँदै पनि ऋणी बेपत्ता भएको, सम्पर्कमा नआएको, सम्पर्कमा आएर पनि अटेर गरेको जस्ता कारणहरूले गर्दा पुराना केही ऋणी सदस्यहरूसँग (अपलेखन गरिएका समेत) ऋणको साँवा व्याज असुल हुन नसकेकाले यस्ता ऋणीहरूसँगको बाँकी साँवा व्याज असुल उपर गर्न विशेष व्यवस्था (परिचय गराउने सदस्य, स्थानिय तहको सरकार आदी मार्फत) गर्नुपर्ने हाम्रो सुझाव पुनः दोहोऱ्याएका छौं ।

१०.६) संस्थाकै सम्पतीको रूपमा रहेको ऋण/सापटीहरू सवैको धितो रहेको नदेखिएकोले त्यस्ता सम्पतीहरू पूर्ण रूपले सुरक्षित रहेको भन्न नसकिने भएको हुँदा त्यस तर्फ यस सम्मानित सभा मार्फत समितिको ध्यान आकृष्ट गराउन चाहन्छौं ।

१०.७) यो संस्था बागमती प्रदेश भित्र मात्र कार्य क्षेत्र भएको संस्था भएकोले प्रदेश सरकारले मिति २०७६।०२।१३ मा प्रदेश राजपत्र भाग १ मा प्रकाशित "प्रदेश सहकारी ऐन २०७६", "प्रदेश सहकारी नियमावली २०७६", सहकारी संघ/संस्था दर्ता, संचालन, अनुगमन तथा नियमन सम्बन्धि मापदण्ड-२०७७ र २०७७ श्रावण देखि लागुहुने गरी मिति २०७७।०३।२८ मा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय (संघीय)ले जारी गरेको "सहकारी क्षेत्र वित्तिय प्रतिवेदन ढाँचा (लेखा नीति, लेखा सूँची र लेखा मापदण्ड २०७६)"का साथै सहकारी विभागले मिति २०७९।०२।१२ मा सहकारी संघ संस्थामा सुशासन प्रवर्धनका लागि एकीकृत निर्देशन २०७९ र मिति २०७९।०४।३१ मा जारी ११ बुँदे निर्देशनहरु मा उल्लेखित सबै व्यवस्था/प्रावधानहरु पूर्णरुपले पालना गर्नको लागि संस्थाको विद्यमान विनियम/विनियमावलीहरु/कार्यविधिहरु/निर्देशिकाहरु आदीमा के कस्तो असर पर्न जान्छ सो अध्ययन गरी ऐन नियम, नियमावली, मापदण्ड, निर्देशन आदी सँग नबाझिने गरी संशोधन/सुधार गर्न र "सम्पत्ति सुद्धीकरण निवारण सम्बन्धी सहकारी संघ संस्थालाई जारी गरेको निर्देशिका २०७४" लाई पूर्ण रुपले पालना गर्नको लागि सो निर्देशिकामा उल्लेखित व्यवस्थाहरु मिलाउनु पर्ने समेतको यस समितिको सुझाब यस सम्मानित सभा मार्फत

संचालक समितिको ध्यान पुनः आकृष्ट गराउन चाहन्छौं । साथै ऐनको दफा ४६ को उपदफा ७ मा कुल ऋण लगानीको ६० प्रतिशत छ भने एकीकृत निर्देशन २०७९ को बुँदा नं. ३१ मा कुल ऋण लगानीको कम्तीमा ५१ प्रतिशत उत्पादन तथा आय मुलक व्यवसायमा लगानी गर्नुपर्ने वाध्यात्मक व्यवस्था भएको तर्फ ध्यानाकर्षण गराउँदै सोही अनुसारको ऋण लगानीको वर्गिकरण समेत गर्नुपर्ने देखिन्छ ।

आदरणीय सदस्य महानुभावहरू,

संस्थाको यस आर्थिक वर्ष २०७८/०७९ को कारोवार निरीक्षण/परीक्षण गरी अध्ययन गर्दा पाएको तथ्यहरू र सुधार गर्नु पर्ने पक्षहरू समावेश गरी तयार गरिएको प्रत्येक चौमासिक प्रतिबेदनहरू संचालक समिति समक्ष पेश गरी छलफल पश्चात् तयार गरिएको यो प्रतिवेदन यस सम्मानित सार्वभौम सभा समक्ष प्रस्तुत गरेका छौं । यस प्रतिवेदन उपर गत/बिगत वर्षहरूमा झैं बृहत छलफल गरी आगामी वर्षहरूको लागि आजको यसै सम्मानित सभाबाट समितिलाई मार्गदर्शन सहितको निर्देशन दिनु हुनेछ भन्ने विश्वास लिएका छौं । संस्थाको सम्पूर्ण सदस्यहरूको बृहत हितलाई संरक्षण गर्दै आवश्यक नीति नियम तर्जुमा गरी दैनिक कार्य सुचारू रूपले संचालन गर्नको लागि आफ्ना प्रतिनिधिको रूपमा ९ जनाको एक संचालक समिति र सो समिति मार्फत संस्थाले गरेको सम्पूर्ण कार्यहरूको ऐनको दफा ४५ को उपदफा १(घ) अनुसार चौमासिक रुपले लेखाजोखा, निरीक्षण, परीक्षण गरी आवश्यक सुझाव दिन म संयोजक समेत ३ जनाको यो लेखा सुपरीवेक्षण समिति चयन भएको ३ वर्षको कार्यकाल पुरा भएको छ । यस अवधिमा हामीले आफ्नो बुद्धि/विवेक/क्षमताले भ्याएसम्म निर्भिकरूपले कार्य गरेको हामीले महसुस गरे पनि सो को यथार्थ मूल्याङ्कन गर्ने कार्य भने सम्मानित सार्वभौम सदस्यज्यूहरूकै हो भन्ने हाम्रो ठम्याई छ । अध्यक्षज्यू, संचालकज्यूहरू, सल्लाहकारज्यूहरू, आफ्नो संस्था प्रति चिन्तन मनन गरी समय समयमा यस समितिलाई मार्ग दर्शन गराउने सबै सदस्य महानुभावहरू र संस्थाको मेरूदण्डको रूपमा रहेका कर्मचारी मित्रहरूबाट प्राप्त सहयोगको उच्च मूल्याङ्कन सहित हाम्रा अग्रजहरू, सहयोगी तथा सहकर्मी साथीहरू सबैमा हृदयदेखि नै आभार व्यक्त गर्नका साथै यस प्रतिवेदन उपरमा हुने छलफलको जिज्ञासाहरूलाई मेटाउने प्रण गर्दै यो प्रतिवेदन यही बिटमार्ने अनुमती माग गर्दछौं ।

धन्यवाद, जय सहकारी । जय साबल ।

| | | |
|---|---|---|
| (ताराप्रसाद महर्जन) | (राजुप्रसाद पौडेल) | (कमल खरेल) |
| सदस्य | सदस्य | संयोजक |

स्थान : काठमाडौं ।
मिति : २०७९।०९।१५

**U.R. Paudel & Associates**
*Chartered Accountants*

Kathmandu-14, Nepal
Phone: +977-1-5225372
Email: urpaudelassociates@gmail.com

## स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

श्री शेयर सदस्य महानुभावहरु
**साबल सहकारी संस्था लिमिटेड**
का.म. पा -४, धुम्वाराही चोक, काठमाडौं ।

### आ.व. २०७८/७९ को लेखापरीक्षणको प्रतिवेदन

हामीले **साबल सहकारी संस्था लिमिटेडको** वित्तीय विवरण, जसले २०७९ साल आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण, सो मितिमा समाप्त भएको आर्थिक वर्ष २०७८/०७९ को नाफा नोक्सान विवरण, अन्य विस्तृत आयको विवरण, नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तन तथा वित्तीय विवरणहरुसंग सम्बन्धित नीति तथा टिप्पणीहरु समावेश गर्दछ, को लेखापरीक्षण सम्पन्न गरेका छौं ।

**हाम्रो राय**

हाम्रो उल्लेखित लेखापरीक्षणको आधारमा देहाए बमोजिमका रायहरु पेश गर्दछौं ।

१. लेखापरीक्षण सम्पन्नगर्न हामीले आवश्यक ठानेका सुचनातथा स्पष्टिकरणहरु उपलब्ध भएका छन ।

२. यस प्रतिवेदनमा सम्बन्धित वित्तीय अवस्थाको विवरण (वासलात) र नाफा नोक्सान हिसाब तथा तत्सम्बधी अनुसूचीहरु संस्थाले राखेको हिसाबसँग दुरुस्त रहेका छन ।

३. ऋण नोक्सानी व्यवस्था गर्दा संस्थाले नेपाल सरकार, सहकारी तथा गरिवी निवारण मन्त्रालय, सहकारी विभागको मिति २०६८/०१/०१ को मापदण्डमा उल्लेखित व्यवस्था तथा वागमती प्रदेशले २०७७.०५.२९ मा स्वीकृत भर्नी जारी गरेको मापदण्ड २०७७ को दफा २३ अनुसार यस आ.व. को अन्त्यमा जम्मा असुल हुनबाँकी ऋणलाई भाका नाघेको आधारमा असल, शकास्पद तथा खराव गरी तीन वर्गमा वर्गीकरण गरी क्रमश: १ प्रतिशत, ३५ प्रतिशत र १०० प्रतिशतको दरले ऋण नोक्सानी व्यवस्था कायम गर्नुपर्नेमा, सचालक समितिको मिति २०७९ आषाढ २८ को बैठकमा "भाखा नाघेको सबै कर्जाहरुको नविकरण गर्ने मिति २०७९ श्रावण ५ गते सम्म थप गर्ने" निर्णय बमोजिम ऋण नोक्सानी व्यवस्था गरिएको छ । यस आ.व. मा संस्थाको मुल्याङ्कनमा ऋणलाई ३ भागमा विभाजन गरि ऋण नोक्सानी व्यवस्थामा रु. २,९८१,४५२ थप गरिएको छ । व्यक्तिगत जमानी तथा लामो समय सम्म व्याज प्राप्त नभएको र ऋणीहरु सम्पर्क विहिन भएका ऋणमा भने १००% नै ऋण नोक्सानी व्यवस्था गरिएको छ । धितो प्रयाप्त भएको ऋणमा १% र ३५% ऋण नोक्सानी व्यवस्था गरिएको छ ।

४. संस्थाले गत आ.व.मा संरक्षितपुँजी फिर्ता कोषमा रहेको रु.४,०१०,५११ लाइ लाभांश कोषमा जोडेर र शेयर पुँजीको आधारमा लाभांस बाँडफाड गरेको छ ।

५. सँस्थाले आ.ब. २०७८.७९ मा पाकेको व्याज मध्येबाट साउन मसान्त सम्म उठेको व्याजलाई मात्र आम्दानी जनाउन सक्ने व्यवस्था अनुरुप सँस्थाले आ.ब. २०७८.७९ मा पाकेको व्याज मध्येबाट साउन मसान्त सम्म असूल भएको व्याज रु. १७,०००,२३७ लाई व्याज आम्दानीमा लेखांकन गरेको छ ।

६. यसै प्रतिवेदनको अभिन्नअंगको रुपमा रहेको सलग्न मुख्य लेखापरीक्षण व्यहोराहरु र माथि बुदाँ नं ३, ४ र ५ ले पार्ने असरहरू बाहेक हामीले पाए सम्मको सूचना, दिईएको स्पष्टीकरण र संलग्न लेखानीति तथा टिप्पणीहरूलाई साथै अध्ययन गर्दा हाम्रो रायमा २०७९ आषाढ ३२ गतेको वित्तीय स्थिति र सो मितिमा समाप्त भएको आर्थिक बर्ष २०७८.७९ को संचालन नतिजा साथै उक्त अवधीको नगद प्रवाह विवरणले उचित तथा यथार्थ विवरण चित्रण गर्दछ ।

**व्यवस्थापनका उत्तरदायित्वहरु :**

प्रचलित कानून तथा नेपाल लेखामान बमोजिम वित्तीय विवरणको तयारी र यथार्थ प्रस्तुतिकरण गर्नु **साबल सहकारी संस्था लिमिटेड**को व्यवस्थापनको उत्तरदायित्व हो । यस उत्तरदायित्व अर्न्तगत वित्तीय विवरण गलत आँकडा, जालसाजी वा त्रुटीको कारण रहित छ भनी तयारी र प्रस्तुतिकरण गर्ने कार्यसँग सम्बन्धित नियन्त्रण प्रणालीको तर्जुमा गर्ने, लागू गर्ने र अद्यावधिक बनाई राख्ने, उपयुक्त लेखानीतिको छनौट गर्ने र लागू गर्ने तथा तत्कालिन अवस्थामा उपयुक्त लेखा अनुमानहरू गर्ने कार्यहरु पर्दछन् ।

**लेखापरिक्षकको उत्तरदायित्वहरु :**

प्रस्तुत वित्तीय विवरणहरू माथि लेखापरिक्षणको आधारमा आफ्नो मन्तव्य जारी गर्नु हामो उत्तरदायित्व हो । हामीले हाम्रो लेखापरिक्षण नेपाल लेखापरिक्षण मान बमोजिम सम्पन्न गरेका छौं । ती मानले हामीलाई व्यवसायिक नैतिकताको पालना गर्ने तथा वित्तीय विवरणहरु सारभुत रुपमा त्रुटीरहित भएको बारेमा मनासिब आश्वासन प्राप्त गर्न, लेखापरिक्षणको योजना बनाउन र लेखापरिक्षण सम्पन्न गर्न अनिवार्य गराउँछ । लेखापरिक्षण अन्तर्गत वित्तीय विवरणमा उल्लेखित रकम र खुलासालाई पुष्टी गर्ने प्रमाण प्राप्त गर्न सम्पन्न गरिने कार्यविधि संलग्न हुन्छ । यसरी छनोट गरिएको कार्यविधि चाहे जालसाजी वा गल्तीबाट होस, सारभुत रुपमा त्रुटीयुक्त प्रस्तुती हुन सक्ने जोखिमको लेखाजोखा सहित हाम्रो व्यवसायिक निर्णयमा आधारित छ । त्यसरी जोखिमको लेखाजोखा गर्ने क्रममा, हामीले सहकारीको आन्तरिक निर्णय प्रणाली उपर नै राय व्यक्त गर्ने उद्देश्यले नभई, परिस्थिति अनुसार हाम्रो लेखापरिक्षण कार्यविधि तयार गर्दा, संस्थाले वित्तीय विवरण तयार एव प्रस्तुतीगर्ने क्रममा अबलम्वन गरेका आन्तरीक नियन्त्रण प्रणालीको विश्लेपण गरेका छौं । लेखापरिक्षणमा व्यवस्थापनद्वारा प्रयोगमा ल्याईएका लेखा सिद्धान्तहरु एवं गरिएका महत्वपुर्ण अनुमानहरुको उपयुक्ततहरुको मूल्याकनका साथै समग्र वित्तीय विवरण प्रस्तुतीको लेखाजोखा समेत समावेश हुन्छ ।

**मुख्य लेखापरिक्षण व्यहोराहरु :**

व्यवस्थापन पत्र (प्रारम्भिक प्रतिवेदन) का साथै सहकारी ऐन, नियम, मापदण्ड, संस्थाको विनियम र विभागिय परिपत्रहरु समेतको आधारमा हाम्रा रायहरु निम्नानुसार बुँदागत रुपमा उल्लेख गरिएको छ :

१. संस्थाको वित्तीय कारोवारको लेखा PEARLS (Protection, Effective Financial Structures, Assets Quality, Rates of Return, Liquidity and Sign of Growth) को अनुगमन विधि पूर्णरुपले अवलम्बन गर्नुपर्ने देखिन्छ ।

U.N. Paudel & Associates Kathmandu Chartered Accountants

२. यस आ.व.मा, कर्मचारी वोनसको हकमा ३ महिनाको तलव वरावरको रकम रु ९.०१,४२४ कर्मचारी वोनस व्यवस्था गरिएको छ । साथै गत वर्षको कर्मचारी वोनस व्यवस्थावाट यस आ.व.मा कर्मचारीलाई रु ८,७०.,६४५ वोनस वितरण गरिएको छ ।

३. संस्थामा रु.१,९.३,३८,२३४ रकम वरावरको गैर वित्तिय सम्पति रहेको पाइयो ।

४. संस्थाका अध्यक्षले तलव सुविधा लिई दैनिक क्रियाकलापमा संलग्न रहनु भएको पाइयो ।

सि.ए. उमेशराज पौडेल

यू.आर.पौडेल एण्ड एसोसिएट्स

चार्टर्ड एकाउन्टेन्ट्स

स्थान : काठमाण्डौं

मिति : २०७९।०९।१३

UDIN: 221228CA00440VncQt

## साबल सहकारी संस्था लिमिटेड

का.म.न.पा. -४, धुम्बाराही चोक, काठमाडौं

२०७९ आषाढ, ३२ को

### वित्तीय अवस्थाको विवरण

"रकम रु. मा"

| विवरण | टिप्पणी नं | २०७९.०३.३२ को | २०७८.०३.३१ को | २०७७.०४.०१ को |
|---|---|---|---|---|
| | | | पुर्नलेखन | पुर्नलेखन |
| **सम्पत्ति तथा जायदात हिसाब** | | | | |
| नगद तथा नगद समान | ४.१ | ४५,६३९,८९७ | ८०,२३८,९०९ | १०७,८९५,२०५ |
| सदस्यलाई कर्जा तथा सापट लगानी | ४.२ | ८००,४५५,१८२ | ७६५,२७४,५३३ | ७६७,२९२,४३७ |
| आयकर सम्पत्ति | ४.३ | १०,२७३,७१२ | ८,४४२,३१८ | ६,७०९,९८३ |
| शेयर धितोपत्रमा लगानी | ४.४ | २७,७८४,१८५ | ३०,५६९,१९५ | १६,९९६,१५७ |
| मुद्धती लगानी | ४.४क | १२०,७५०,००० | २४७,९००,००० | १२२,५००,००० |
| गैर वित्तीय सम्पत्ति | ४.५ | १९,३३८,२३४ | १९,२३६,४३४ | १९,१८८,५५८ |
| सम्पत्ति तथा उपकरण | ४.६ | १०८,८९६,५३४ | १०८,५३५,००० | १०८,८८६,३६२ |
| अमुर्त सम्पत्ति | ४.७ | २७,६०० | ३६,८०० | ९७३ |
| अन्य सम्पत्ति हिसाब | ४.९ | ६६,८२०,४९५ | ५०,१०४,६०४ | ४३,३८१,९७५ |
| **जम्मा** | | १,१९९,९८५,८३९ | १,३१०,४३७,७९७ | १,१९२,८५१,६४९ |
| **पूँजी तथा दायित्व हिसाब** | | | | |
| **दायित्व हिसाब** | | | | |
| सदस्यको निक्षेप हिसाब | ४.१० | ९४४,२२७,०६९ | १,०८३,२०८,२२४ | १,००६,९३०,४१२ |
| परिभाषित लाभ दायित्व | ४.११ | – | – | – |
| यस वर्षको आयकर दायित्व | ४.३ | ४,१६७१५९ | २,३५९,७७८ | १,९९०,७३८ |
| स्थगन कर दायित्व | ४.८ | ५,३९५,९७४ | ४,९२२,६०१ | १,५७६,०८४ |
| व्यवस्था | ४.१२ | – | – | – |
| अन्य दायित्व | ४.१३ | ४,५८५,००२ | ५,१७३,३०६ | ७,१८७,९५४ |
| **जम्मा** | | ९५८,३७५,२०४ | १,०९५,६६४,३०९ | १,०१७,७२५,१८७ |
| **पूँजी हिसाब** | | | | |
| शेयर पूँजी | ४.१४.१ | १०१,९६०,००० | १०२,४७०,००० | १०२,४६५,००० |
| जगेडा तथा अन्य कोषहरु | ४.१४.२ | १३९,६५०,६३५ | ११२,३०३,४८८ | ७२,६६१,४६२ |
| **जम्मा** | | २४१,६१०,६३५ | २१४,७७३,४८८ | १७५,१२६,४६२ |
| **जम्मा पूँजी तथा दायित्व** | | १,१९९,९८५,८३९ | १,३१०,४३७,७९७ | १,१९२,८५१,६४९ |
| **संभावित दायित्व र प्रतिबद्धता** | | – | – | – |
| **प्रति शेयर खुद सम्पत्ति** | | २३६.९७ | २०९.६० | १७०.९१ |

हाम्रो आजको मितिको संलग्न प्रतिवेदनको आधारमा

लेखा सुपरीवेक्षण समिति

संयोजक - कमल खरेल

सदस्य - राजु प्रसाद पौडेल

सदस्य - तारा प्रसाद महर्जन

सञ्चालक समिति

अध्यक्ष - तीर्थराज खरेल

उपाध्यक्ष - यम बहादुर थापा

सदस्य - योगेन्द्रराज संग्रौला

सदस्य - बासुदेव विष्ट

सदस्य - विनिता रन्जितकार

सदस्य - बलराम आचार्य

सदस्य - कृष्ण चन्द्र जोशी

सदस्य - विनोद आचार्य

लेखापरीक्षक

सिए. उमेशराज पौडेल

यु.आर. पौडेल एण्ड एसोसिएटस्

चार्टर्ड एकाउन्टेन्टस्

## साबल सहकारी संस्था लिमिटेड

का.म.न.पा. -४, धुम्बाराही चोक, काठमाडौं

२०७८ श्रावण १ गते देखि २०७९ आषाढ मसान्तसम्मको

## नाफा नोक्सान विवरण

"रकम रु. मा"

| विवरण | टिप्पणी नं | आ.ब. २०७८।७९ | आ.ब. २०७७।७८ |
|---|---|---|---|
| ऋण लगानीमा ब्याज आम्दानी | ४.१५ | ११९,२४३,४५३ | ११३,६२०,५२८ |
| निक्षेपमा ब्याज खर्च | ४.१६ | (८७,७४३,४११) | (९७,५९५,२१६) |
| **खुद ब्याज आम्दानी** | | ३१,५००,०४२ | १६,०२५,३१३ |
| ऋण जोखिम व्यवस्था/(फिर्ता तथा थप) | ४.२.३ | २,९८१,४५२ | १,५८१,४७३ |
| **कर्जाको घाटा पछिको खुद ब्याज आम्दानी** | | २८,५१८,५९१ | १४,४४३,८४० |
| बैंक खातामा ब्याज आम्दानी | ४.१५ | १८,१४३,९८५ | १७,९६६,६३५ |
| अन्य आम्दानी | ४.१७ | २०,०७२,२८१ | २०,८०१,३५२ |
| **कुल सञ्चालन आम्दानी (क)** | | ६६,७३४,८५६ | ५३,२११,८२६ |
| **खर्चहरु** | | | |
| कर्मचारी खर्च | ४.१८ | ८,३४३,१८४ | ८,२९२,२९२ |
| ह्रास कट्टी र परिषोधन | ४.१९ | ३२४,८५८ | ४०८,७५५ |
| सञ्चालन खर्च | ४.२० | ४,१२३,८३७ | ३,६९४,२३३ |
| मर्मत तथा संम्भार खर्च | ४.२१ | ५,००३ | ४३,०७१ |
| **जम्मा खर्च (ख)** | | १२,७९६,८८१ | १२,४३८,३५१ |
| **आयकर अघिको नाफा वा (नोक्सान)** | | ५३,९३७,९७५ | ४०,७७३,४७६ |
| **कर खर्च** | | | |
| चालु कर | ४.२२ | (४,१६७,१५९) | (२,३५९,७७८) |
| स्थगन कर | ४.२२ | (१,१८८,२५४) | (१,६६९,२१४) |
| **आयकर पछिको खुद नाफा वा (नोक्सान)** | | ४८,५८२,५६२ | ३६,७४४,४८४ |
| **प्रति शेयर आम्दानी** | | | |
| आधारभुत प्रति शेयर आम्दानी | | ४७.४१ | ३५.८६ |
| डाइलुटेड प्रति शेयर आम्दानी | | ४७.४१ | ३५.८६ |

हाम्रो आजको मितिको सलग्न प्रतिवेदनको आधारमा

**लेखा सुपरीवेक्षण समिति**

संयोजक - कमल खरेल

सदस्य - राजु प्रसाद पौडेल

सदस्य - तारा प्रसाद महर्जन

सञ्चालक समिति

अध्यक्ष - तीर्थराज खरेल

उपाध्यक्ष - यीम बहादुर थापा

सदस्य - योगेन्द्रराज सप्कोला

सदस्य - रामदेव विष्ट

सदस्य - विनित्रा रन्जितकार

सदस्य - बलराम आचार्य

सदस्य - कृष्ण चन्द्र जोशी

सदस्य - विनोद आचार्य

**लेखापरीक्षक**

सिए. उमेशराज पौडेल

यू.आर.पौडेल एण्ड एसोसिएटस

चार्टर्ड एकाउन्टेन्टस

**साबल सहकारी संस्था लिमिटेड**
का.म.न.पा. -४, धुम्बाराही चोक, काठमाडौं
२०७९ आषाढ, ३२ को
**नगद प्रवाह बिबरण**

"रकम रु. मा"

| विवरण | २०७९.०३.३२ को | २०७८.०३.३१ को |
|---|---|---|
| **(क) संचालन गतिविधिबाट नगद प्रवाह** | | |
| आय कर पछिको खुद नाफा (नोक्सानी) | ४८,५८२,५६२ | ३६,७४४,४८४ |
| बाह्य कर्जाको ब्याज भुक्तानी | ९५,२६० | २१६,८८४ |
| ह्रास कट्टी र परिषोधन | ३२४,८५८ | ४०८,७५५ |
| बैंक खाताबाट ब्याज आम्दानी | (१८,१४३,९८५) | (१७,९६६,६३५) |
| लाभांश तथा म्युचुअल फण्ड आम्दानी प्राप्ती | (८,९४५,५४२) | (१,१८४,३४४) |
| स्थगन कर खर्च | १,१८८,२५४ | १,६६९,२१४ |
| कोषमा थप वा (घट) | (१४२,९७४) | (४८,०२८) |
| निक्षेपमा (ह्रास) बृद्धी | (१३८,९८१,१५५) | ७६,२३७,८१२ |
| कर्जा सापटमा (बृद्धी) ह्रास | (३५,१८०,६४५) | २,०१७,९०० |
| अन्य दायित्वमा (ह्रास) बृद्धी | (५८८,७०४) | (२,०१४,२४८) |
| आयकर व्यवस्था | ४,१६७,१५९ | २,३५९,७७८ |
| कर भुक्तानी | (२,३४७,७७८) | (१,९९०,७३८) |
| अन्य सम्पत्तिमा (बृद्धी) ह्रास | (१८,५४७,२८५) | (८,४५४,९६४) |
| **संचालन गतिविधिबाट नगद प्रवाह** | **(१६८,५१९,९७६)** | **७७,००५,५९३** |
| **(ख) लगानी गतिविधिबाट नगद प्रवाह** | | |
| शेयर लगानीमा (बृद्धी) ह्रास | (४,३६३,८००) | ३,२००,००० |
| लगानी सम्पत्ति बिक्रि (खरिद) | (१,८००) | (१४७,८७६) |
| मुद्दतीमा लगानी (बृद्धी) ह्रास | १२७,१५०,००० | (१२५,४००,०००) |
| अमुर्त सम्पत्ति बिक्रि (खरिद) | - | (४६,०००) |
| सम्पत्ति तथा उपकरण बिक्रि (खरिद) | (६७७,१९२) | (४७,२२०) |
| शेयर लगानी कारोबारमा फाईदा | - | १०,९९०,२७८ |
| बैंक खाताबाट ब्याज आम्दानी | १८,१४३,९८५ | १७,९६६,६३५ |
| लाभांश तथा म्युचुअल फण्ड आम्दानी प्राप्ती | ८,९४५,५४२ | १,१८४,३४४ |
| **लगानी गतिविधिबाट नगद प्रवाह** | **१४९,१९६,७३५** | **(९२,२९९,८३९)** |

**साबल सहकारी संस्था लिमिटेड**

का.म.न.पा. -४, धुम्बाराही चोक, काठमाडौं

२०७९ आषाढ, ३२ को

**नगद प्रबाह बिबरण**

"रकम रु. मा"

| विवरण | २०७९.०३.३२ को | २०७८.०३.३१ को |
|---|---|---|
| (ग) वित्तीय गतिविधिबाट नगद प्रवाह | | |
| शेयर पुंजिमा बृद्धी / (ह्रास) | (५१०,०००) | ५,००० |
| लाभांश भुक्तानी | (१४,६७०,५११) | (१२,१५०,१६५) |
| बाह्य कर्जाको ब्याज भुत्तानी | (९५,२६०) | (२१६,८८४) |
| वित्तीय गतिविधिबाट नगद प्रवाह (ग) | (१५,२७५,७७२) | (१२,३६२,०४९) |
| खुद नगद प्रवाह (क) + (ख) + (ग) | (३४,५९९,०१२) | (२७,६५६,२९६) |
| नगद तथा नगद समानको सुरुको मौज्दात | ८०,२३८,९०९ | १०७,८९५,२०५ |
| जम्मा | ४५,६३९,८९७ | ८०,२३८,९०९ |
| नगद तथा नगद समानको अन्तिम मौज्दात | ४५,६३९,८९७ | ८०,२३८,९०९ |

हाम्रो आजको मितिको संलग्न प्रतिवेदनको आधारमा

**लेखा सुपरीवेक्षण समिति**

संयोजक - कमल खरेल

सदस्य - राजु प्रसाद पौडेल

सदस्य - तारा प्रसाद महर्जन

**सञ्चालक समिति**

अध्यक्ष - तीर्थराज खरेल

उपाध्यक्ष - यम बहादुर थापा

सदस्य - योगेन्द्रराज संग्रौला

सदस्य - वासुदेव बिष्ट

सदस्य - विनिता रन्जितकार

सदस्य - बलराम आचार्य

सदस्य - कृष्ण चन्द्र जोशी

सदस्य - विनोद आचार्य

**लेखापरीक्षक**

सिए. उमेशराज पौडेल

यू.आर.पौडेल एण्ड एसोसिएटस

चार्टर्ड एकाउन्टेन्टस्

## साबल सहकारी संस्था लिमिटेड

का.म.न.पा. -४, धुम्बाराही चोक, काठमाडौं

२०७८ श्रावण १ गते देखि २०७९ आषाढ मसान्तसम्मको

### अन्य विस्तृत आम्दानीको विवरण

"रकम रु. मा"

| विवरण | टिप्पणी नं | आ.ब. २०७८।७९ | आ.ब. २०७७।७८ |
|---|---|---|---|
| **यस वर्षको नाफा** | | ४८,५८२,५६२ | ३६,७४४,४८४ |
| **आयकर पछिको अन्य विस्तृत आम्दानी** | | | |
| क) नाफा/नोक्सान मा पुनःवर्गिकरण नगरिने | | | |
| उचित मूल्यमा मुल्याङ्कन गरिएका शेयर लगानीबाट भएको नाफा/नोक्सान | ४.२.१ | (७,१४८,८१०) | १६,७७३,०३८ |
| पुनः मुल्याङ्कनबाट भएका नाफा/नोक्सान | | | |
| परिभाषित लाभ योजनाबाट बिमाङ्किक नाफा/नोक्सान | | | |
| माथि उल्लेख गरिएका बुँदाको आयकर (१०%) | | ७१४,८८१ | (१,६७७,३०४) |
| **नाफा/नोक्सानमा वर्गिकरण नगरिने खुद अन्य विस्तृत आम्दानी** | | | |
| **ख) नाफा/नोक्सानमा पुनःवर्गिकरण गरिएका वा गर्न लायक** | | | |
| नगद प्रवाहको हेजिङ्गमा भएको नाफा/नोक्सान | | | |
| विदेशी संचालनको वित्तिय सम्पत्तिको रुपान्तरणमा भएको सटही नाफा/नोक्सान | | | |
| माथि उल्लेख गरिएका बुँदाको आयकर | | | |
| नाफा/नोक्सानमा पुनःवर्गिकरण | | | |
| **नाफा/नोक्सानमा पुनःवर्गिकरण गरिएका वा गर्न लायक खुद अन्य विस्तृत आम्दानी** | | | |
| **ग) इक्विटी तरिकाबाट लेखाङ्कित सहायक निकायको अन्य विस्तृत आम्दानीको अंश** | | | |
| **यस वर्षको आयकर पछिको अन्य विस्तृत आम्दानी** | | (६,४३३,९२९) | १५,०९५,७३४ |
| **जम्मा विस्तृत आम्दानी** | | ४२,१४८,६३३ | ५१,८४०,२१८ |

हाम्रो आजको मितिको संलग्न प्रतिवेदनको आधारमा

लेखा सुपरीवेक्षण समिति

संयोजक - कमल खरेल

यस सहकारी संस्थाले २०७९ आषाढ समाप्त भएको वर्षको लागि पहिलो पटक NFRS को आधारमा वित्तीय विवरण तयार गरेको हो । सहकारी संस्थाले आफ्नो सम्पत्ति र दायित्वलाई नेपाल वित्तीय प्रतिवेदनमान अनुसार पहिचान गरेको छ र सो अनुसार पहिचान नहुने सम्पत्ति तथा दायित्वहरुलाई पहिचान गरिएको छैन ।

२०७७ श्रावण सुरुको विवरण र सो पछि GAAP बमोजिम तयार भएका वित्तीय विवणहरुमा NFRS अनुसार पहिचान हुने सबै सम्पत्ति र दायित्वहरू लेखांकन गर्ने तथा NFRS अनुसार पहिचान नहुने सम्पत्ति वा दायित्वहरू लेखांकन नगरी, NFRS ले निर्दिष्ट गरेबमेजिम सम्पत्ति तथा दायित्वहरुलाई GAAP बाट NFRS मा पुन: वर्गीकृत गरी लेखांकित सम्पत्ति र दायित्व मापनमा NFRS लागू गर्दै तयार गरिएको छ ।

## २.७ नयाँ मापदण्ड र व्याख्या नअपनाइएको

जबकि मान्यता, मापन र अन्य सम्बन्धित प्रावधानहरुको बारेमा केही व्याख्या भिन्न भएमा, प्रष्ट र स्पष्ट नभएमा NFRS को पालनामा गरी वित्तीय विवरणको तयारी तथा प्रस्तुती गर्दा व्यवस्थापनले आफ्नो धारणा र बुझाइको प्रयोग गरेको छ, ।

## २.८ छुट (Discounting)

गैर चालु सम्पत्ति र दायित्वमा डिस्काउन्टिङ्गको प्रभाव महत्वपूर्ण भएको अवस्थामा डिस्काउन्टेड वर्तमान मुल्यमा मापन गरिएको छ । यसको लागि सहकारीले भविष्यमा हुने भुक्तानीलाई डिस्काउन्ट गर्ने दरको निर्धारण गर्दा प्रतिवेदन समायावधिमा उक्त समयको बजारमा भएको उच्चस्तरको संस्थागत ऋणपत्रको दरको आधारमा गरिएको छ ।

## २.९ महत्वपूर्ण अवस्था र एकत्रीकरण

सम्पत्ति, दायित्व, आय र खर्चलाई सारभुतता र प्रकृतीको आधारमा छुट्टा छुट्टै प्रस्तुत गरिएको छ । कुनै सम्पत्ति र दायित्व, वा आय र व्यय आवश्यक परेमा वा NFRS द्वारा अनुमति दिइएकोमा बाहेक समायोजन (offset) गरिएको छैन ।

## २.१० तुलनात्मक जानकारी

वर्तमान अवधिको वित्तीय विवरण बुझ्नको लागि उपर्युक्त भएकोमा तुलनात्मक जानकारी narrative & descriptive रुपमा प्रस्तुत गरिएको छ र वर्तमान प्रस्तुतिकरणको साथ आवश्यक पर्नेमा पुन: वर्गीकृत गरिएको छ ।

## २.११ नेपाल वित्तीय प्रतिवेदनमान कार्यान्वयनको सीमा

जानकारी पर्याप्त रुपमा उपलब्ध नभएको अवस्थामा र जानकारी प्राप्त गर्न लाग्ने लागत त्यसको फाइदाभन्दा बढि भएमा नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) को कार्यान्वयनको यस्तो अपवाद सम्बन्धित खण्डहरुमा उल्लेख गरिएको छ ।

## ३. प्रमुख लेखा नीतिहरु (Significant Accounting Policies)

तल उल्लेखित लेखा नीतिहरू यी वित्तीय विवरणहरूमा प्रस्तुत सबै अवधिको लागि लगातार लागू गरिएको छ, र यदि कुनै परिवर्तनहरु भएमा सोही अनुसार खुलासा गरिएको छ ।

## ३.१ मापनको आधार

वित्तीय विवरणहरु निरन्तरताको आधारमा (Going Concern Basis) तयार पारिएका छन्, जहाँ मान्यताका आधारमा लेखाका नीतिहरु अनवरत रुपमा लागू गरिएका छन् । फरक भएको खण्डमा विशेष रुपमा खुलाइएको छ ।

साबल सहकारी संस्था लिमिटेड
का.म.न.पा.- ०४, धुम्बाराही चोक, काठमाडौं

### ३.२ नगद र नगद समान

नगद तथा नगद सामान भनी सहकारी संस्थामा रहेको नगद मौज्दात, माग तथा अल्प सूचनामा प्राप्त हुने रकम, बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात र जोखिम रहित वा नगन्य जोखिम रहेको ३ महिना भित्र नगदमा प्राप्त गर्न सकिने अत्याधिक तरल वित्तीय सम्पत्तिहरु जनाईएको छ। सहकारी संस्थाले अल्पकालिन प्रतिबद्धताहरु पुरा गर्न प्रयोग गर्ने र Fair Value परिवर्तन हुन सक्ने जोखिम नगन्य भएका वित्तीय सम्पत्तिहरुलाई नै नगद तथा नगद समानको रुपमा लिईएको छ। वित्तीय अवस्थाको विवरणमा नगद तथा नगद समानलाई परिशोधित मूल्यमा देखाइन्छ। बैंक तथा वित्तीय संस्थामा रहेको प्रतिवेदन अवधिबाट ३ महिना भन्दा बढी परिपक्कता अवधि भएका आवधिक मुद्धतीहरुलाई भने परिशोधन मुल्य(Amortized Cost)मा लेखांकन गरी मुद्धती लगानी अन्तर्गत बर्गिकरण तथा प्रस्तुतीकरण गरिएको छ।

### ३.३ वित्तीय सम्पत्तिहरु र वित्तीय दायित्वहरु

#### ३.३.१ मान्यता

संस्थाले प्रारम्भमा वित्तीय सम्पत्ति वा वित्तीय दायित्वको वित्तीय अवस्थाको विवरणमा लेखांकन त्यतिखेर मात्र गर्छ जतिखेर यो उपकरणको करारको प्रावधानहरूको पक्ष (party) संस्था हुन्छ। संस्थाले प्रारम्भमा ऋण र अग्रिमहरू र निक्षेपलाई उनीहरूको उत्पत्ति भएको जारी मितिमा मान्यता दिन्छ, जुन मितिमा संस्था उपकरणहरूको करारको प्रावधानहरूको पक्ष बन्छ। इक्विटी उपकरणमा लगानी कारोवार मितिमा मान्यता प्राप्त हुन्छ जहाँ संस्थाले वित्तीय सम्पत्तिहरू खरीद र अधिग्रहण गर्ने प्रतिबद्धता गर्दछ। नियमित तरीकाको वित्तीय सम्पत्तिको खरीद र बिक्रिलाई कारोवार मितिमा मान्यता दिइन्छ जुन मितिमा संस्थाले सम्पत्तिको खरीद गर्न वा बेच्न सम्झौता गर्दछ।

#### ३.३.२ वर्गीकरण

**वित्तीय सम्पत्ति**

संस्थाले वित्तीय सम्पत्तिहरूको व्यवसायिक वर्गीकरण गर्दछ जसलाई पछि वित्तीय सम्पत्तिको प्रवन्धनको लागि संस्थाको व्यापार मोडेल र वित्तीय सम्पत्तिको अनुबन्धित नगद प्रवाह सुविधाहरूको आधारमा परिशोधन लागत वा उचित मूल्यमा मापन गरिएको छ। वित्तीय सम्पत्तिलाई निम्नानुसार वर्गिकरण गरिएको छः

**क. परिशोधन लागतमा मापन गरिएको वित्तीय सम्पत्ति**

संस्थाले यी दुवै सर्तहरू पूरा भएमा वित्तीय सम्पत्तिहरुलाई परिशोधन लागतमा मापन गरिएको वित्तीय सम्पत्तिमा वर्गीकरण गरेको छ:

१. सम्पत्ति एक व्यवसाय मोडेल भित्र आयोजित छ जसको उद्देश्य अनुबंधात्मक नगदी प्रवाह संकलन गर्नु रहेको हुन्छ, र

२. वित्तीय सम्पत्तिको अनुबंधात्मक शर्तहरूको आधारमा निर्दिष्ट मितिहरूमा नगद प्रवाह हुन्छ जुन केवल बाँकि साँवामा ब्याज र साँवाको भुक्तानी मात्र हो।

**ख. उचित मूल्यमा मापन गरिएको वित्तीय सम्पत्ति**

परिशोधन लागतमा मापन भएका बाहेकका अन्य वित्तीय सम्पत्तीहरु उचित मूल्यमा मापन गरिएको छ। उचित मूल्यमा मापन गरिएका वित्तीय सम्पत्तिलाई देहायका वर्गमा पुनःवर्गीकरण गरिएको छः

साबल सहकारी संस्था लिमिटेड
का.म.न.पा.– ०४, धुम्बाराही चोक, काठमाडौं

**१. नाफा-नोक्सानबाट उचित मूल्यमा मापन गरिने वित्तीय सम्पत्ति**

यदि वित्तीय सम्पत्तिहरु व्यापारको लागि होल्ड गरिएको छ भने त्यस्ता वित्तीय सम्पत्तिहरुलाई नाफा-नोक्सानको माध्यमबाट उचित मूल्यको रूपमा वर्गीकरण गरिएको छ । प्रारम्भको अभिलेखमा, अधिग्रहणसँग प्रत्यक्ष सम्बन्धित खर्चलाई नाफा -नोक्सानमा मान्यता दिइन्छ । त्यस्ता सम्पत्तिहरू पछि उचित मूल्यमा मापन गरिन्छ र उचित मूल्यमा भएको परिवर्तनलाई नाफा-नोक्सानको विवरणमा मान्यता दिइन्छ ।

**२.अन्य विस्तृत आय मार्फत उचित मुल्यमा मापन गरिने वित्तीय सम्पत्ति**

इक्विटी उपकरणमा गरेको लगानी जुन व्यपारको लागि राखिएको हुदैन र व्यावस्थापनले उपकरणको उचित मूल्यमा भएको परिवर्तनलाई अन्य विस्तृत आयमा मान्यता दिइनुपर्दछ भन्ने अपरिवर्तनीय निर्णय गर्दछ भने सो सम्पत्तिलाइ अन्य विस्तृत आय मार्फत उचित मूल्यमा मापन गरिने वित्तीय सम्पत्तिको रूपमा वर्गीकरण गरिएको छ । त्यसपश्चात त्यस्ता वित्तीय सम्पत्तिहरुलाई उचित मुल्यमा मापन गरिएको छ र उचित मुल्यमा भएको फरकलाई अन्य विस्तृत आयमा मापन गरिएको छ ।

**वित्तीय दायित्व**

संस्थाले निम्न अनुसार आफ्नो वित्तीय दायित्वको वर्गीकरण गरेको छ;

**१. नाफा-नोक्सानको माध्यमबाट उचित मूल्यमा मापन गरिएको वित्तीय दायित्व**

यदि वित्तीय दायित्वहरु व्यापारको लागि होल्ड गरिएको छ भने त्यस्ता वित्तीय दायित्वहरुलाई नाफा-नोक्सानको माध्यमबाट उचित मूल्यको रूपमा वर्गीकरण गरिएको छ । प्रारम्भको अभिलेखमा, अधिग्रहणसँग प्रत्यक्ष सम्बन्धित खर्चलाई नाफा -नोक्सानमा मान्यता दिइन्छ । त्यस्ता दायित्वहरू पछि उचित मूल्यमा मापन गरिन्छ र उचित मूल्यमा भएको परिवर्तनलाई नाफा-नोक्सानको विवरणमा मान्यता दिइन्छ ।

**२. परिशोधन लागतमा मापन गरिएको वित्तिय दायित्व**

नाफा या नोक्सानबाट उचित मूल्यमा मापन भएको भन्दा बाहेक सबै वित्तीय दायित्वहरू वर्गीकृत गरी पछि प्रभावकारी ब्याज विधि (EIR) प्रयोग गरेर परिशोधन लागतमा मापन गरिएको छ ।

३.३.३ मापन

**प्रारम्भिक मापन**

नाफा-नोक्सानका माध्यमबाट उचित मुल्यमा मापन गरिएका बाहेकका वित्तीय सम्पत्ति वा दायित्वलाई सुरुको उचित मुल्यमा प्रत्यक्ष संलग्न कारोवार रकम जोडी मापन गरिन्छ । नाफा-नोक्सानका माध्यमबाट उचित मुल्यमा मापन गरिने वित्तीय सम्पत्ति र दायित्वसँग सम्बन्ध भएको कारोवार लागतलाई नाफा-नोक्सान विवरणमा मापन गरिएको छ ।

**पछिको मापन**

प्रारम्भिक मापन पश्चात वित्तीय सम्पत्ति वा वित्तीय दायित्वलाई तिनिहरुको वर्गीकरण को आधारमा उचित मूल्य (Fair Value) वा परिशोधन लागत (Amortized Cost) मा मापन गरिन्छ । परिशोधन लागतमा मापन गरिने वित्तीय सम्पत्ति वा दायित्वलाई त्यसपश्चात प्रभावकारी ब्याज दर विधि प्रयोग गरी परिशोधन लागतमा मापन गरिएको छ ।

उचित मुल्यमा मापन गरिएको वित्तीय सम्पत्तिलाई प्रारम्भको मापन पश्चात उचित मुल्यमा मापन गरिएको छ । नाफा -नोक्सानको माध्यमबाट उचित मूल्यमा मापन हुने सम्पत्तिमा वित्तीय सम्पत्तिको उचित मूल्यमा भएको

साबल सहकारी संस्था लिमिटेड
का.म.न.पा. – ०४, धुम्बाराही चोक, काठमाडौं

परिवर्तनलाई नाफा -नोक्सानको विवरणमा लेखांकन गरिएको छ भने अन्य विस्तृत आयबाट उचित मूल्यमा मापन हुने वित्तीय सम्पत्तिको उचित मुल्यमा भएको परिवर्तनलाई अन्य विस्तृत आयमा लेखांकन गरिन्छ ।

### ३.३.४ पहिचान खारेज (De-Recongnition)

**वित्तीय सम्पत्तिको पहिचान खारेज**

संस्थाले एक वित्तीय सम्पत्तिलाई त्यतिबेला पहिचानबाट हटाउँछ जब वित्तीय सम्पत्तिबाट नगद प्रवाहको अनुबंधात्मक अधिकार समाप्त हुन्छ, वा यसले कारोबारमा अनुबंध नगद प्रवाह प्राप्त गर्ने अधिकार हस्तान्तरण गर्दछ जसमा वित्तीय सम्पत्तिको स्वामित्वको सबै जोखिम र प्रतिफलहरू पर्याप्त रुपमा हस्तान्तरण हुन्छन् अथवा जसमा सहकारी संस्थाले न त प्रतिफल स्थानान्तरण गर्छ न त पर्याप्त जोखिम र स्वामित्वको अधिकार राख्दछ र यसले वित्तीय सम्पत्तिको नियन्त्रण समेत राख्दैन ।

संस्था द्वारा बनाईएको वा कायम गरी राखिएको पहिचान खारेजका लागि योग्य यस्तो स्थानान्तरित वित्तीय सम्पत्तिमा निहित कुनै पनि हित एक अलग सम्पत्ति वा दायित्वको रूपमा मान्यता प्रदान गरिन्छ । एक वित्तीय सम्पत्तिको पहिचान खारेजमा, सम्पत्तिको किताबी मुल्य (वा सम्पत्तिको हस्तान्तरणको हिस्साको लागी किताबी मुल्य) र प्राप्त मुल्यका (consideration) (कुनै पनि प्राप्त नयाँ सम्पत्ति कम ग्रहण गरिएको कुनै नयाँ दायित्व) बीच भिन्नता, र कुनै पनि संचीत लाभ वा घाटा (जुन अन्य विस्तृत आयमा मान्यता प्राप्त थियो) लाई नाफा वा नोक्सानमा मान्यता दिइन्छ ।

**वित्तीय दायित्वहरूको पहिचान खारेज**

दायित्वको जिम्मेवारी पूर्ण रुपमा राफसाफ भएमा, रद्द भएमा वा म्याद समाप्त भएमा वित्तीय दायित्वहरुलाई पहिचानबाट हटाइन्छ । जहाँ विधमान दायित्वहरु एकै ऋणदाताबाट अरु विभिन्न सर्तहरु, वा विद्यमान दायित्वका सर्तहरुमा पर्याप्त संशोधन गरिएको हुन्छ र नयाँ दायित्वसँग साटासाट गरिन्छ, त्यस्तो साटासाट वा संशोधन भएको खण्डमा मुल दायित्वको पहिचान खारेज र नयाँ दायित्वको लेखांकन गरिन्छ । मुल वित्तीय दायित्वको कितावी मुल्य र भुक्तान गरिएको प्रतिफलवीचको भिन्नता नाफा वा नोक्सानको विवरणमा लेखांकन गरिन्छ ।

### ३.३.५ उचित मुल्यको निर्धारण

उचित मुल्य त्यो रकम हो, जुन रकममा असम्वन्धित पक्षहरु बिच सामान्य अवस्थामा कारोवार हुन्छ ।

उचित मुल्यको निर्धारण निम्न अनुसार निर्धारण गरिन्छ:

१ उचित मुल्य मापन ती हुन् जुन समान सम्पत्ति वा दायित्वका लागि सक्रिय बजारले निर्धारण गरेको मुल्य ।

२ मूल्यांकन ती हुन् जुन सक्रिय बजारमा समान प्रकृतिका वस्तुहरूको लागि निर्धारित मूल्यहरू छन् वा निष्क्रिय बजारमा समान वा उस्तै वस्तुहरुको लागि निर्धारित मूल्यहरू र जहाँ वित्तीय उपकरणहरू मुल्यांकन गर्दा सबै महत्वपूर्ण इन्पुटहरू अवलोकन योग्य हुन्छन् ।

३. पोर्टफोलियोहरू ती हुन् जहाँ कम्तिमा एउटा इन्पुट, जसले उपकरणको मूल्यांकनमा महत्वपूर्ण प्रभाव पार्न सक्छ, जुन अवलोकन योग्य बजार आँकडामा आधारित हुँदैन ।

उपलब्ध भएसम्म सहकारी संस्थाले उपकरणको उचित मूल्यको लागि उपकरणको सक्रिय बजारमा उद्धृत मूल्यहरू प्रयोग गर्दछ । बजारलाई तब सक्रिय मानिन्छ जब बजार मूल्यहरू सजिलैसँग र नियमित रूपमा उपलब्ध छन् र Arm's Length Price मा आधारित भएर वास्तविक र नियमित रूपमा हुने बजार कारोबारलाई प्रतिनिधित्व गर्दछ । यदि वित्तीय साधनको लागि कुनै सक्रिय बजार छैन भने संस्थाले मूल्य निर्धारण प्रविधिको प्रयोग गरी उचित मूल्य निर्धारण गर्दछ । मूल्य निर्धारण प्रविधीले जानकार, इच्छुक पक्षहरू (यदि उपलब्ध छ भने ) बीचको तात्कालिन Arm's Length Price भएको कारोबार, अन्य समान उपकरणहरूको वर्तमान उचित मूल्य र छूटको नगद प्रवाह विश्लेषणहरु समावेश गरेको हुन्छ ।

साबल सहकारी संस्था लिमिटेड
का.म.न.पा.– ०४, धुम्बाराही चोक, काठमाडौं

### ३.३.६ कर्जा सापटको नोक्सानी (Impairment of Loans)

प्रत्येक प्रतिवेदन मितिमा सहकारी संस्थाले सम्पत्ति क्षय भएको वा भ्याल् घटेको कुनै संकेत छ कि छैन भनेर मूल्यांकन गर्दछ। यदि त्यस्तो संकेत छ भने, पुन: प्राप्ति योग्य रकम निर्धारण गरिन्छ। भविष्यमा नोक्सान अर्थात् घाटाको निर्धारण गर्दा विशेष गरी व्यवस्थापनले नगद प्रवाहको रकम र समयको आकलन गर्नु आवश्यक हुन्छ। यस्ता अनुमानहरु धेरै कारकहरु प्रतिको धारणामा आधारित छन र भएको प्रावधानहरुमा भविष्यमा परिवर्तन भएमा वास्तविक परिणाम फरक हुन पनि सक्दछन।

नोक्सानीको व्यक्तिगत मूल्याङ्कन वित्तीय सम्पत्तिमा लागू हुन्छ, जुन नोक्सानीका लागि व्यक्तिगत रुपमा मूल्याङ्कन गरिन्छ र भविष्यको नगद प्रवाहलाई वर्तमान मूल्यको उच्चतम अनुमानका आधारमा निर्धारण गरिन्छ। नगद प्रवाहको अनुमान गर्दा व्यवस्थापनले ऋणीको वित्तीय अवस्था र धितोको बिक्रीबाट प्राप्त हुनसक्ने खुद मूल्यका आधारमा निर्णय गर्दछ। प्रत्येक बिग्रेको सम्पत्ति यसको कार्य गर्न सक्ने क्षमताको आधारमा मूल्याङ्कन गरिन्छ। कार्यगत रणनीति र नगद प्रवाहको अनुमानलाई प्राप्ति योग्य मानिन्छ।

एक वित्तीय सम्पत्ति वा वित्तीय सम्पत्तिको समूह कमजोर छ र कमजोरीबाट हानि भएको त्यतिबेला मानिन्छ जब सम्पत्तिको प्रारम्भिक मान्यता पछि हुने एक वा बढी घटनाहरूको परिणामको रूपमा कमजोरीको उद्देश्य प्रमाण छ (घाटा घटना), र त्यो घाटा घटना (वा घटनाहरू) मा वित्तीय सम्पत्ति वा वित्तीय सम्पत्ति समूह को अनुमानित भविष्य नगदी प्रवाह मा एक प्रभाव छ जसको भरपर्दो अनुमान गर्न सकिन्छ।

संस्थाले सम्पतिको क्षयको मूल्यांकन गर्न निम्न कारकहरू विचार गर्दछ:

१. के ऋणीले ऋण रकम वा ब्याज भुक्तानीमा नियमित छैन।

२. जब ऋणी टाट पल्टिन्छ र यो आफ्नो दायित्व निर्वाह गर्नबाट भाग्छ वा ढिलाइ गर्दछ।

३. जहाँ संस्थाले अनि एक ऋण असूलीमा कानूनी सहारा लिन्छ।

४. जहाँ संस्था ऋणको भौतिक माफी वा अनुसूचि भुक्तानको स्थगनको कारण प्रदर्शन गरिएको कम आर्थिक दायित्वको परिणामस्वरूप दायित्वको पुनर्संरचनाको लागि सहमति जनाउँछ।

५. जहाँ अवलोकन योग्य डेटा यो संकेत गर्छ कि वित्तीय सम्पत्ति समूहको अनुमानित भविष्य नगद प्रवाहमा मापनयोग्य कमी छ, जबकि कमी अझै विशिष्ट व्यक्तिगत वित्तीय सम्पत्ति संग पहिचान गर्न सकिदैन।

संस्थाले एक व्यक्तिगत सम्पत्ति र सामूहिक स्तर दुबैमा ऋण र अग्रिमहरुमा तथा आयोजित-देखि-परिपक्वता लगानी धितोहरुको कमजोरीको प्रमाण विचार गर्दछ। सबै व्यक्तिगत रूपमा महत्वपूर्ण ऋण र अग्रिमहरू र आयोजित-देखि-परिपक्वता लगानी धितोहरू व्यक्तिगत कमजोरीका लागि मूल्यांकन गरिन्छ। ती विशेष रूपमा कमजोर नभएको फेला परेमा सामूहिक रूपमा कुनै पनि कमजोरीको लागि मूल्यांकन गरिन्छ जुन खर्च गरिएको छ तर अहिलेसम्म पहिचान गरिएको छैन।

ऋण र अग्रिम र आयोजित-देखि-परिपक्वता लगानी धितोहरू, जो व्यक्तिगत रूपमा महत्तवपूर्ण छैनन्, लाई सामूहिक रूपमा समान जोखिम भएकोलाई संगै समूह बनाएर कमजोरीका लागि मूल्यांकन गरिन्छ। कमजोरी परिक्षण ब्यापार प्राप्ति योग्य र अन्य वित्तीय सम्पत्ति अवलोकन गरिएको आन्तरिक र बाह्य संकेतको आधारमा वार्षिक आधारमा गरिन्छ।

सामूहिक कमजोरीको आकलन गर्दा संस्थाले पूर्वनिर्धारित सम्भावनाको ऐतिहासिक प्रवृत्तिहरूको तथ्याङ्कीय मोडेलिंग, रिकभरीको समय र खर्चको घाटा, वर्तमान आर्थिक र ऋण शर्तहरू त्यस्तो हो कि वास्तविक घाटा हुने सम्भावना छ कि भनेर व्यवस्थापनको फैसलाको लागि समायोजित ऐतिहासिक प्रवृत्ति द्वारा सुझाव भन्दा ठूलो वा कम हुन आदि प्रयोग गर्दछ। पूर्वनिर्धारित दरहरू, घाटा दरहरू र भविष्यमा पुन: प्राप्तिको अपेक्षित समय नियमित रूपमा वास्तविक परिणामहरूको विरुद्ध बेन्चमार्क हुन्छन् ताकि उनीहरू उपयुक्त रहुन भनेर सुनिश्चित गर्न सकियोस।

**साबल सहकारी संस्था लिमिटेड**
का.म.न.पा.– ०४, धुम्बाराही चोक, काठमाडौं

संचालक समितिको मिति २०७९ आषाढ २८ को बैठकमा "भाखा नाघेको सबै कर्जाहरुको नविकरण गर्ने मिति २०७९ श्रावण ५ गते सम्म थप गर्ने" निर्णय भएकोले सोही आधारमा ऋण नोक्सानी व्यवस्था (Loan Loss Provision) हिसाब गरिएको छ। यस आ.व. मा सँस्थाको मुल्याङ्कनमा ऋणलाई ३ भागमा विभाजन गरि ऋण नोक्सानी व्यवस्थामा रु. २,९८१,४५२/- थप गरिएको छ। व्यक्तिगत जमानी तथा लामो समय सम्म व्याज प्राप्त नभएको र ऋणीहरु सम्पर्क विहिन भएका ऋणमा भने १००% नै ऋण नोक्सानी व्यवस्था गरिएको छ । १% र ३५% ऋण नोक्सानी व्यवस्था गरिएका ऋणमा धितो पर्याप्त रहेको छ र धितो लिलाम गरिनुपर्दा साँवा, व्याज तथा हर्जाना व्याज समेत असुलउपर हुनेछ ।

**परिशोधन लागतमा मापन भएको सम्पत्तिमा क्षय**

परिशोधन लागतमा मापन गरिएका वित्तीय सम्पत्तिहरू (जस्तै संस्थाबाट आएको रकम, सदस्यलाई ऋण र आयोजित-देखि-परिपक्वता लगानी) कमजोर भएको छ भने त्यस्तो नोक्सानलाई त्यतिबेला मान्यता दिइन्छ, जब त्यहाँ प्रारम्भिक मान्यता पछि देखा परेको एक वा बढि घटनाहरुको परिणाम स्वरुप उद्देश्य प्रमाण छ । घाटाको रकम सम्पत्तिको बोक्ने रकम र ऋणको मानयोग्य असूली मान बीचको भिन्नताको रूपमा मापन गरिन्छ ।

संस्थाले ऋण र अग्रिमहरु र दुवै विशिष्ट सम्पत्ति र सामूहिक स्तरमा परिशोधित लागत मा मापन गरिएको लगानी धितो को लागी कमजोरीको प्रमाण विचार गर्दछ । संस्थाले पहिलो व्यक्तिगत रूपले महत्वपूर्ण वित्तिय सम्पत्तिमा कमजोरी घाटा छ या छैन भनेर व्यक्तिगत रूपमा उद्देश्य प्रमाणहरु आकलन गर्छ र व्यक्तिगत रूपमा महत्वपूर्ण छैन भने सामूहिक आधारमा कमजोरी घाटाको मूल्यांकन गर्छ ।

महत्वपूर्ण मूल्यको सदस्यलाई दिइएको ऋण र अग्रिम व्यक्तिगत कमजोरी परीक्षणको लागि मूल्यांकन गरिन्छ । ऋण को पुन: प्राप्ति योग्य जमानतको प्राप्य मूल्य र ऋणीको आचरण वा संस्थाको भूतपूर्व अनुभवको आधारमा अनुमान गरिन्छ ।

यदि त्यहाँ उद्देश्य प्रमाण छ कि कमजोरी नोक्सान भएको छ भने, घाटाको रकम सम्पत्तिको बोक्ने रकम र अनुमानित भविष्यको नगदी प्रवाहको वर्तमान मूल्य बीचको भिन्नतामा मापन गरिन्छ । सम्पत्तिको बोक्ने रकम एक खाताको प्रयोग मार्फत कम गरिन्छ र घाटा रकमलाई नाफा वा नोक्सानमा मान्यता दिइन्छ । सबै व्यक्तिगत रूपमा महत्वपूर्ण ऋण र अग्रिमहरू र लगानी धितोहरू विशिष्ट कमजोरीका लागि मूल्यांकन गरिन्छ । विशेष गरी कमजोर नभएकाहरूलाई सामूहिक रूपमा समान जोखिम भएका ऋण र अग्रिमताहरू र आयोजित-देखि-परिपक्वता लगानी सँगै समूह बनाएर कमजोरीका लागि मूल्यांकन गरिन्छ ।

यदि, त्यसपछिको वर्षमा, अनुमानित कमजोरी घाटाको मात्रा कमजोरी मान्यता गरिसके पछि घटेको कुनै घटनाको कारणले बढ्यो वा घट्यो भने, पहिल्यै मान्यता प्राप्त कमजोरी हानि अन्य विस्तृत आय र इक्विटीमा भएको परिवर्तनको विवरणमा अन्य रिजर्भ र कोषहरू (कमजोरी रिजर्भ) लाई समायोजन गरेर बढाइ वा कम गरिएको छ । यदि भविष्यमा समायोजित रकम पुन: प्राप्ति गरियो भने पुन: प्राप्तिलाई 'आय विवरण' मा क्रेडिट गरिन्छ ।

**अन्य विस्तृत आय मार्फत उचित मूल्यमा वर्गीकरण भएका इक्विटी उपकरणको लगानीको कमजोरी**

बिक्रीको लागि बित्तीय सम्पत्तिको लागी कमजोरीको उद्देश्य प्रमाणहरु उपलब्ध छ भने संचयी घाटा (नाफा वा नोक्सानमा पहिले मान्यता प्राप्त वित्तीय सम्पत्तिमा परिशोधन लागत र वर्तमान उचित मूल्य बीचको भिन्नता कम कुनै कमजोरी नोक्सान को रुपमा मापन भएको) इक्विटीबाट पुन: वर्गीकृत गरी नाफा वा नोक्सानमा मान्यता दिइएको छ । इक्विटी धितोहरूको कमजोरीको उद्देश्य प्रमाणको मूल्यांकनका अन्य कारकहरूका साथै इक्विटी उपकरणको उचित मूल्यमा उल्लेख्य वा लामो अवधिको गिरावट भई लागत भन्दा कम भएमा विचार गरिन्छ ।

यदि त्यसपछिको अवधिमा, बिक्रीको लागि वर्गीकृत भएको ऋण उपकरणको उचित मूल्य वृद्धि हुन्छ र वृद्धि कमजोरी घाटा पहिचान भए पछि हुने घटनासँग वस्तुगत रूपमा सम्बन्धित हुन सक्दछ भने कमजोरी नाफा वा नोक्सान विवरणमा उल्टाइन्छ ।

साबल सहकारी संस्था लिमिटेड
का.म.न.पा.- ०४, धुम्बाराही चोक, काठमाडौं

### ३.४ व्यापार सम्पत्ति र दायित्व

व्यापार सम्पत्ति र दायित्व भनेको ती सम्पत्ति र दायित्व हुन् जुन संस्थाले खास गरी निकट अवधिमा बेच्ने वा पुन: खरीद गर्ने उद्देश्यको लागि प्राप्त गर्दछ वा छोटो अवधिको नाफा लिनको लागि सँगै व्यवस्थित गरिएको पोर्टफोलियोको अंशको रूपमा होल्ड गर्दछ ।

व्यापार सम्पत्ति र दायित्व सुरुमा उचित मूल्यमा मान्यता प्राप्त हुन्छ र पछि वित्तीय स्थितिको कथनमा उचित मूल्यमा मापन गरिन्छ, लेनदेन लागतको साथ नाफा वा घाटामा मान्यता दिइन्छ ।

### ३.५ स्थिर सम्पत्ति तथा उपकरण

स्थिर सम्पत्ति तथा उपकरणहरु एक वर्ष वा सोभन्दा बढी धारण गरी ग्राहकलाई सेवा प्रदान गर्नका लागि वा संस्थाको प्रशासनिक कार्यको प्रयोगका लागि वा बहालमा लगाउने उद्देश्य भएका सम्पत्ति हुन् । सहकारी संस्थाले NAS 16 – "Property, Plant & Equipment" को व्यवस्थाअनुसार आफ्ना स्थिर सम्पत्ति र उपकरणहरुको पहिचान, मापन तथा लेखाङ्कन गर्ने गरेको छ । सहकारी संस्थाको स्थिर सम्पत्ति तथा कार्यालय उपकरणहरुको बारेमा थप जानकारी टिप्पणी नं. ४.६ मा प्रस्तुत गरिएको छ । निम्नानुसारका अवस्थामा मात्र स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको पहिचान गर्ने गरिन्छ:

क) सहकारी संस्थालाई स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको उपयोगबाट भविष्यमा अवश्यभावी आर्थिक लाभ हुने सम्भावना रहेको तथा

ख) सो स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको लागत मापन गर्न सकिएको ।

स्थिर सम्पत्ति तथा कार्यालय उपकरणलाई लागत मोडलमा लेखाङ्कन तथा प्रस्तुत गर्ने सहकारीको लेखा नीति रहेको छ । यस मोडेल अनुसार स्थिर सम्पत्ति तथा कार्यालय उपकरणलाई सोको ऐतिहासिक लागतबाट सञ्चित ह्रासकट्टी तथा सञ्चित क्षयीकरणको नोक्सानीलाई घटाएर प्रस्तुत गर्ने गरिन्छ । स्थिर सम्पत्ति तथा कार्यालय उपकरण बिक्री गरिएमा अथवा सोको प्रयोगबाट भविष्यमा कुनै पनि आर्थिक लाभ लिन नसकिने अवस्था आकलन भएमा, सो सम्पत्तिको किताबी मूल्यलाई निसर्ग गर्ने गरिन्छ । यसरी निसर्ग गरिँदा सोमा हुने फाइदा वा घाटालाई नाफा-नोक्सान खातामा प्रस्तुत गरिन्छ ।

पहिलोपटक नेपाल वित्तीय प्रतिवेदनमान अनुसार वित्तीय विवरण तयार गर्दा वित्तीय अवस्थाको विवरणमा प्रस्तुत गरिएको आर्थिक वर्षमा भएको Carrying Amount लाई यस वित्तीय विवरणमा प्रस्तुत भएका आ.व.हरुको प्रारम्भिक लागत मानी सो पछि खरिद गरिएका सम्पत्तिहरुलाई खरिद गरिएको महिनादेखि पछिल्लो महिनाबाट ह्रासकट्टी हुने गरी लेखांकन गरिएको छ । साथै निसर्ग भएका सम्पत्तिहरुको सम्बन्धमा निसर्ग भएको महिना भन्दा पहिलो महिनासम्मको अवधिको लागि आनुपातिक रुपमा ह्रास कट्टी गर्ने नीति रहेको छ ।

सहकारी संस्थाका विभिन्न प्रकृतिका स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको अनुमानित जम्मा उपयोग अवधि निम्नबमोजिम आँकलन गरिएको छ

| सम्पत्ति | अनुमानित उपभोग अवधी (आ.व. २०७८/७९) | अनुमानित उपभोग अवधी (आ.व. २०७७/७८) |
|---|---|---|
| जग्गा तथा जग्गा विकास | | |
| भवन | ३० वर्ष | ३० वर्ष |
| अफिस फर्निचर | ५ वर्ष, काठको टेबल, काठको दराज र काठको र्‍याक र काउन्टर १० वर्ष | ५ वर्ष, काठको टेबल, काठको दराज र काठको र्‍याक र काउन्टर १० वर्ष |

साबल सहकारी संस्था लिमिटेड
का.म.न.पा.-- ०४, धुम्वाराही चोक, काठमाडौं

| | | |
|---|---|---|
| कम्प्युटर तथा मेसिनरी समान | ५ वर्ष, बन्डल नोट काउन्टीगं मेसिन, सिसि क्यामेर र नेटवर्किगं, प्रिन्टर १० वर्ष | ५ वर्ष, बन्डल नोट काउन्टीगं मेसिन, सिसि क्यामेर र नेटवर्किगं, प्रिन्टर १० वर्ष |
| अफिस समान | ५ वर्ष | ५ वर्ष |
| अन्य स्थिर सम्पत्ति | ७ वर्ष | ७ वर्ष |

माथि उल्लेख गरिएका उपभोग अवधि पुर्ण रुपमा प्रयोग भईसकेका सम्पत्तिहरुको अवशेष रकमलाई अवधि पुरा भएको वर्षमा सम्पुर्ण रकमलाई ह्रास कट्टी गरिएको छ ।

**ह्रास कट्टी**

सहकारी संस्थाले स्थिर सम्पत्ति तथा कार्यालय उपकरण उपयोगका लागि उपलब्ध भएपछि निसर्ग हुने समयसम्मको अवधिमा ह्रासकट्टी गर्ने गरेको छ । अन्यथा उल्लेख भएकोमा बाहेक, संस्थाले स्थिर सम्पत्ति तथा कार्यालय उपकरणलाई सोको अनुमानित प्रयोग अवधिको आधारमा घटदो मूल्य प्रणाली (Written Down Value) अनुसार ह्रासकट्टी गर्ने गरेको छ ।

सबै सम्पत्तिमा उपयोगी आयुमा, तल उल्लेखित दरहरूको प्रयोग गरेर घट्दो मूल्य विधि अनुसार ह्रासकट्टी गणना गरिएको छ ।

| सम्पत्ति को प्रकृति | ह्रासकट्टी दर |
|---|---|
| भवन | ५ प्रतिशत |
| अफिस फर्निचर (फलामको) | २५ प्रतिशत |
| अफिस फर्निचर (काठको) | २५ प्रतिशत |
| उपकरण | २५ प्रतिशत |
| अन्य सम्पति | १५ प्रतिशत |

२,०००/- भन्दा कम मूल्यमा खरिद गरिएका सम्पत्तिलाई खरीदको वर्षमा उनीहरूको उपयोगी आयुको पर्वाह नगरी आय विवरणमा लेखांकन गरिएको छ ।

**अपलेखन वा पहिचान खारेज**

जब सम्पत्ति र उपकरणको बिक्री वा अपलेखन हुन्छ अथवा यसको प्रयोग वा अपलेखनबाट भविष्यमा कुनै स्थितिमा आर्थिक लाभहरू अपेक्षा गरिदैन, तब Carrying Amount लाई अपलेखन गरिने छ । सम्पत्ती र उपकरणको अमान्यताबाट उत्पन्न हुने लाभ वा घाटा नाफा नोक्सान विवरणमा समावेश हुनेछ ।
मूल्यह्रास विधि, उपयोगी आयु र अवशिष्ट मूल्य (Salvage Value) प्रत्येक प्रतिवेदन मितिमा समीक्षा गरिन्छ र, यदि कुनै छ भने समायोजन गरिन्छ ।

**३.६ अमूर्त सम्पत्ति**

**खरिद भएको अमूर्त सम्पत्ति**
अमूर्त सम्पत्ति सुरुमा उचित मूल्यमा मापन गरिन्छ, जसले सम्पत्तिमा समाहित भावी आर्थिक लाभहरू संस्थामा प्रवाह हुने र उनीहरूको अपेक्षित उपयोगी जीवनको आधारमा परिमार्जन हुने सम्भावनाको बजार अपेक्षाहरू प्रतिबिम्बित गर्दछ ।

**कम्प्यूटर सफ्टवेयर**
खरीदबाट प्राप्त कम्प्यूटर सफ्टवेयर र सो सफ्टवेयरमा प्रयोगमा ल्याउनको लागि लागेको लागतको आधारमा पुँजीकरण हुने गर्दछ । सफ्टवेयरको विकाससँग सम्बन्धित लागतहरू पुँजीकरण हुन्छन् जहाँ सम्भावना छ कि यसले

साबल सहकारी संस्था लिमिटेड
का.म.न.पा.- ०४, धुम्बाराही चोक, काठमाडौं

आफ्नो लागतको अधिनमा भावी आर्थिक लाभहरू उत्पन्न गर्दछ । कम्प्युटर सफ्टवेयर लागत अपेक्षित उपयोगी आयुको आधारमा परिशोधित हुन्छन् । प्रत्येक वर्ष गरिने सफ्टवेयर संचालन सम्बन्धी लागतहरूलाई खर्चको रूपमा मान्यता दिइन्छ ।

प्रत्येक प्रतिवेदन मितिमा, यी सम्पत्तिहरू क्षयका संकेतहरूको लागि मूल्यांकन गरिन्छ । जब सम्पत्तिको carrying amount यसको पुन: प्राप्ति योग्य रकम भन्दा बढि निर्धारण हुन पुग्दछ, उक्त घटनामा सम्पत्ति तुरुन्तै अपलेखन गरिन्छ ।

सफ्टवेयरको परिशोधन यो प्रयोग गर्न उपलब्ध भएको मितिबाट यसको अनुमानित उपयोगी जीवनमा एक समदरमा आधारित छ । हालको र तुलनात्मक अवधिको लागि सफ्टवेयरको अनुमानित उपयोगी आयु ५ बर्ष हो ।

रु. २,०००/- भन्दा कमको सफ्टवेयरलाई खरीदको वर्षमा उनीहरूको उपयोगी जीवनको पर्वाह नगरी आयमा राखिएको छ । परिशोधन विधि, उपयोगी जीवन र अवशिष्ट मूल्य प्रत्येक प्रतिवेदन मितिमा समीक्षा गरिन्छ र कुनै अपलेखन आवश्यक भएमा सो अपलेखन समेत गरिन्छ ।

## ३.७ लगानी सम्पत्ति र बिक्रीको लागि उपलब्ध सम्पत्ति

### लगानी सम्पत्ति (Investment Property)

लगानी सम्पत्तिहरूले अन्य सम्पत्ति र उपकरणहरूमा र बिक्रीको लागि राखिएको गैर चालु सम्पत्तिहरुमा वर्गीकरण नभएको जमिन र भवनहरू समावेश गर्दछन् । सामान्यतया, यसमा जग्गा, जमिन र संस्थाले कानुनले छुट दिएको बाहेक सम्पत्तिको रूपमा खरिद गरेको तर प्रतिवेदन मितिमा बिक्री नभएको भवन सामेल हुन्छ । हाल सहकारी संस्थासँग रहेको लगानी सम्पत्तिलाई टिप्पणी नं. ४.५ मा प्रस्तुत गरिएको छ ।

## ३.८ आयकर

कर खर्च अन्तर्गत यस बर्षको आयकर खर्च र स्थगन कर समावेश गरिन्छ । आयकर खर्च र स्थगन कर नाफा वा नोक्सा, इक्विटी वा अन्य विस्तृत आयमा सिधा मान्यता प्राप्त वस्तुहरूसँग सम्बन्धित हदसम्म लेखांकन गरिन्छ । बैंकले आयकर लेखाङ्कन NAS 12 – Income Tax को प्रावधान बमोजिम गर्ने गरेको छ ।

### चालु आयकर (Current Income Tax)

चालु आयकर भनेको यस वर्षको लागी कर योग्य आय वा घाटामा अपेक्षित भुक्तानीयोग्य वा पुन:प्राप्ति योग्य हो जुन प्रतिवेदन मितिमा लागू गरिएको वा ठोस रूपमा कर दरहरू प्रयोग गरेर, र अघिल्लो वर्षको सम्बन्धमा भुक्तानयोग्य करमा कुनै समायोजन गरेर मापन गरिन्छ । स्रोतमा कट्टि गरिएको (TDS) करलाई भने अन्य दायित्वमा राखिएको छ ।

### स्थगन कर (Deferred Tax)

सम्पत्ति तथा दायित्वहरुको वित्तीय विवरणमा गणना गरिएको रकम तथा आयकर ऐनका हिसाबले गणना गरिएको रकममा हुने भिन्नतालाई वासलातमा स्थगन कर सम्पत्ति (वा स्थगन कर दायित्व) का रुपमा लेखाङ्कन गरी प्रत्येक वर्ष यस्तो सम्पत्ति (वा दायित्वमा) हुने परिवर्तनलाई नाफा नोक्सान हिसाबमा स्थगन कर आय (वा स्थगन कर खर्च) को लेखाङ्कन गरिन्छ ।

## ३.९ निक्षेप

संस्थाले आफ्ना सदस्यहरुबाट आवधिक (३ बर्षसम्मको), सामान्य बचत, विशेष बचत, नियमित बचत, बाल बचत आदि प्रकारका बचतहरुबाट निक्षेप स्विकार गर्छ र खातावालालाई पैसा जम्मा गर्न र निकाल्न अनुमति दिन्छ । यी लेनदेनहरू संस्थाको अभिलेखहरूमा रेकर्ड गरिएको छ, र परिणामस्वरूपको मौज्दात रकमलाई संस्थाको दायित्वको रूपमा लेखांकन गरिएको छ ।

साबल सहकारी संस्था लिमिटेड
का.म.न.पा. – ०४, धुम्बाराही चोक, काठमाडौं

### ३.१० व्यवस्थाहरु तथा सम्भावित दायित्वहरु (Provisions and Contingent Loabilities)

सहकारी संस्थाले सम्भावित दायित्वहरुको पहिचान तथा व्यवस्थाहरु लेखाङ्कन NAS 37 – Provisions, Contigent liabilities & Contingent Assets को प्रावधान बमोजिम गर्ने गरेको छ । विगतका घटनाहरुको परिणामस्वरुप सहकारी संस्थाको वर्तमानमा सिर्जित कुनै दायित्वहरु छन्, जुन विश्वसनीय तरिकाले नाप्न सकिन्छ र दायित्व चुक्ता गर्नका लागि स्रोतको बहिर्गमन हुन्छ भने त्यसलाई व्यवस्थाका रुपमा लेखाङ्कन गरिएको छ । सहकारी संस्था समेत सम्बन्धित भएर विभिन्न अदालतहरुमा निम्नानुसारका मुद्दाहरु विचाराधिन रहेकोले सो वापत भविष्यमा उत्पन्न हुने दायित्वलाई सम्भावित दायित्वको रुपमा प्रस्तुत गरिएको छ:

| क्र.सं. | मुद्दा | मुद्दा विचराधिन रहेको निकाय |
|---|---|---|
| १. | आयकर पुनरावलोकन (आ.व. २०७०/७१) | श्री राजस्व न्यायाधिकरण, काठमाडौं |
| २. | आयकर पुनरावलोकन (आ.व. २०७१/७२) | श्री राजस्व न्यायाधिकरण, काठमाडौं |
| ३. | गैर वित्तीय सम्पत्ति<br>गोलढुंगास्थित जग्गा, २०७७.०६.०९मा मुद्दा नं २०७७-RI-०४०९ | सर्वोच्च अदालत |

### ३.११ आम्दानी लेखांकन (Revenue Recognition)

आय भनेको सहकारीको साधारण गतिविधिहरूको क्रममा उत्पन्न हुने आर्थिक लाभहरूको प्रवाह हो जसबाट इक्विटीका सहभागीहरूले योगदान पुऱ्याएको बाहेक इक्विटीमा बृद्धि हुन्छ। आम्दानीलाई यस हदसम्म पहिचान र लेखाङ्कन गरिन्छ कि आर्थिक लाभहरू वित्तीय संस्थामा प्रवाहित हुनेछन् र आम्दानी भरपर्दो मापन गर्न सकिन्छ । जुन आयको प्राप्ति सम्भव छैन, तिनलाई आम्दानीको रुपमा लेखांकन गरिएको छैन । संस्थाको आय र आय मान्यताको आधारहरू निम्नानुसार छन्:

१. **ब्याज आय**

सदस्यहरुलाई प्रदान गरिएको ऋण लगानी, नाफा-नोक्सानको माध्यमबाट उचित मूल्यमा मापन गरिएका बाहेकका सुरक्षणपत्रमा गरिएको लगानी, नगद तथा नगद समान, बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात तथा कर्मचारीलाई प्रदान गरेको कर्जामा प्राप्त ब्याज रकमहरु प्राप्त ब्याज आम्दानीलाई प्रोदभावी आधारमा गणना गरी लेखांकन गरिएको र नियामक निकायले तोकेको मादण्ड बमोजिम प्राप्त ब्याज आयको रुपमा लेखांकन गरिएको छ ।

कर्जा लगानीमा प्राप्त ब्याज आम्दानी NFRS ले सुझाव गरेबमोजिम परिमार्जित साँवा रकममा पहिचान गरिन्छ, जुन प्रभावकारी ब्याज विधिको नजिक हुने गर्दछ । नोक्सानी व्यवस्था गरिएका कर्जाहरुमा पाउने ब्याजलाई प्रभावकारी ब्याज गणना विधिमा समावेश गरिँदैन ।

ICAN द्वारा जारी EIR दर सम्बन्धि carve out अनुसार EIR गणना गर्नु पर्दछ, जबसम्म यो अव्यावहारिक हुँदैन । विगतका वर्षहरूमा जस्तै लेनदेन लागतहरू EIR गणना गर्दा विचार गरिएको छैन किनकि यी सबै लेनदेन लागतहरू अलग पहिचान गर्न मिल्दैन र प्रत्येक ग्राहकको लागि छुट्टै EIR गणना अव्यवहारिक देखिन्छ । अव्यवहार्यताको कारण, त्यस्ता सान्दर्भिक लागतहरूलाई बेवास्ता गरिन्छ, जसका कारण EIR दर ग्राहकहरु लाई प्रदान गरिएको दर बराबर हुन्छ र त्यसकारण, प्रोदभावीको आधारमा मान्यता प्राप्त आयलाई आयको रुपमा लेखांकन गरिएको छ ।

साबल सहकारी संस्था लिमिटेड
का.म.न.पा.– ०४, धुम्बाराही चोक, काठमाडौं

२. **सेवा शुल्क**

सेवा शुल्क EIR गणनाको अभिन्न अंग हो । यद्यपि ICAN द्वारा जारी EIR दर सम्बन्धि carve out अनुसार सेवा शुल्क EIR गणना गर्दा समावेश गर्नु पर्दछ, जबसम्म यो अव्यावहारिक हुँदैन । विगतका वर्षहरूमा जस्तै लेनदेन लागतहरू EIR गणना गर्दा विचार गरिएको छैन किनकि यी सबै लेनदेन लागतहरू अलग पहिचान गर्न मिल्दैन र प्रत्येक ग्राहकको लागि छुट्टै EIR गणना अव्यवहारिक देखिन्छ । अव्यवहार्यताको कारण, त्यस्ता सान्दर्भिक लागतहरूलाई बेवास्ता गरिन्छ, जसका कारण EIR दर ग्राहकहरु लाई प्रदान गरिएको दर बराबर हुन्छ र त्यसकारण, प्रोदभावीको आधारमा मान्यता प्राप्त आयलाई आयको रूपमा लेखांकन गरिएको छ ।

३. **लाभांश आय**

सहकारी संस्थालाई शेयर लगानीबाट प्राप्त हुने नगद लाभांश सो लाभांश प्राप्त हुने अधिकार स्थापित भएको मितिमा आयमा लेखाङ्कन गरिन्छ ।

### ३.१२ ब्याज खर्च

निक्षेपहरू लगायत सबै वित्तीय दायित्वहरूको ब्याज खर्चलाई नाफा वा नोक्सानमा पाकेको ब्याजलाई पाकेको आधारमा (Accrual Accounting) लेखाङ्कन गरिन्छ ।

### ३.१३ कर्मचारी खर्च

कर्मचारी खर्चमा कर्मचारीले सहकारी संस्थालाई प्रदान गरेको सेवाबापत गरिएको सम्पूर्ण खर्चलाई जनाउँदछ । सो खर्चमा अल्पकालीन तथा दीर्घकालीन प्रकृतिका कर्मचारी खर्चहरु रहेका छन् । कर्मचारी खर्चको पहिचान, मापन तथा लेखाङ्कनको लागि सहकारीले NAS 19 – "Employee Benefits" को प्रावधान बमोजिम गरेको छ ।

१. **छोटो अवधिको कर्मचारी खर्च**

छोटो अवधिको कर्मचारी सुविधाहरू ती लाभहरू हुन् जुन १२ महिनापछि पूर्ण रूपमा व्यवस्थित हुने आशा गरिन्छ र त्यसैले कर्मचारीहरूले सम्बन्धित सेवा प्रदान गरेको अवधिमा खर्चको रूपमा लेखांकन गरिन्छ । छोटो अवधिको कर्मचारी खर्च अन्तर्गत निम्नानुसारका खर्चहरु पर्ने गर्दछन्:

१. ज्याला, तलब र सामाजिक सुरक्षा योगदान
२. भुक्तानी गरिएको वार्षिक र भुक्तानी बिरामी बिदा
३. बोनस: यस आ.ब.मा, कर्मचारी बोनसको हकमा ३ महिनाको तलब बराबरको रकम रु ९,०१,४२४/- कर्मचारी बोनस व्यवस्था गरिएको छ । साथै गत वर्षको कर्मचारी बोनस व्यवस्थाबाट यस आ.ब.मा कर्मचारीलाई रु. ८,७९,६४५/- बोनस वितरण गरिएको छ ।
४. गैर मौद्रिक लाभ, इत्यादी ।

२. **गैरचालू कर्मचारी खर्च**

**परिभाषित योगदान योजनाहरू**

परिभाषित योगदान योजना एक रोजगार पछिको लाभ योजना हो जस अन्तर्गत संस्थाले कर्मचारीको र संस्थाको योगदान रकम छुट्टै संस्थामा भुक्तान गनुपर्ने हुन्छ । परिभाषित योगदान योजनाहरूको लागि योगदानका लागि दायित्वहरू सम्बन्धित सेवाहरू प्रदान गरिएको समयमा यस अवधिमा नाफा वा नोक्सानमा कर्मचारी खर्चको रूपमा मान्यता दिइएको छ ।

**कर्मचारी उपदान कोष**

कर्मचारी उपदान व्यवस्था गर्दा कर्मचारीको सेवा अवधिको आधारमा ५ वर्ष सम्म उपदान कोष नदिने, ५ वर्ष देखि १० वर्ष सम्म कार्य अवधि भएमा प्रति वर्ष आधा महिना बराबरको खाईपाई आएको तलब, १० वर्ष देखि १५ वर्ष सम्म कार्य अवधि भएमा प्रति वर्ष एक महिना बराबरको खाईपाई आएको तलब, १५ वर्ष देखि २० वर्ष सम्म कार्य अवधि भएमा प्रति वर्ष साढे एक महिना बराबरको खाईपाई आएको तलब र २० वर्ष भन्दा माथि कार्य अवधि भएमा प्रति वर्ष दुई महिना बराबरको खाईपाई आएको तलब दिने व्यवस्था अनुसार यस

साबल सहकारी संस्था लिमिटेड
का.म.न.पा.– ०४, धुम्बाराही चोक, काठमाडौं

आ.व. को अन्त्य सम्ममा कर्मचारीको कार्य अवधि गणना गरि सोहि बमोजिम उपदान वापतको खर्च लेखांकन गरिएको छ ।

आयकर ऐन २०५८ को दफा ६३ को उपदफा १को प्रतिवन्धात्मक व्यवस्था अनुसार नागरिक लगानी कोष ऐन २०४७ अनुसार कर्मचारी उपदानको रकमलाई उक्त कोषमा २०७२।०९।२१ देखिनै जम्मा गर्न प्रारम्भ गरिएको हो । सो उपदान रकम कर्मचारीको व्यक्तिगत खातामै जम्म हुने गरेको र सो रकम भुक्तानी संस्थाको सिफारिसमा मात्र हुन्छ ।

संस्थाले यसरी उपदान वापतको र विदा वापतको रकम खर्च लेखांकन गरी नागरीक लगानी कोषमा जम्मा गरेको रकमसम्म मात्र आफुले दायित्व बहन गर्ने भएकोले व्यवस्था रकम नागरीक लगानीकोषमा भुक्तानी भएकै बखत सम्पुर्ण रकमलाई बिमाकिय लेखांकन नगरी खर्च लेखिएको छ ।

यस आ.व.मा सहकारी संस्थाले रु ६८८,०९७/- खर्चको रुपमा लेखांकन गरेको छ भने सो रकम गत आ.व.मा रु.१०,६२,७७७ /- रहेको थियो । कर्मचारी उपदानको रकमलाई नागरिक लगानी कोषमा कर्मचारीको व्यक्तिगत नाममा नै जम्मा गरिएको छ ।

### ३.१४ अन्य खर्चहरु

सम्बन्धित अवधिको लागि भएका अन्य खर्चहरुलाई खर्च भएको अवधिमा नाफा वा नोक्सानको विवरणमा लेखांकन गरिएको छ । जब विगतको घटनाको परिणाम स्वरूप वर्तमान बाध्यता (कानूनी वा रचनात्मक) हुन्छ, आर्थिक लाभहरू प्रदान गर्ने संसाधनहरूको बहिर्वाह दायित्व पूरा गर्न आवश्यक पर्ने सम्भावना हुनेछ र दायित्व को राशिको एक भरपर्दो अनुमान हुन सक्दछ भने अन्य खर्चको सम्बन्धमा व्यवस्थाहरु लेखांकन गरिएको छ ।

### ३.१५ लीजहरु (पट्टा)

सहकारी संस्थाले पट्टा (Lease) को पहिचान, मापन तथा लेखाङ्कन NAS 17 – Lease को प्रावधान बमोजिम गरी आवश्यकताका आधारमा वित्तीय पट्टा (Finance Lease) र सञ्चालन पट्टा (Operating Lease) अन्तर्गत देखाइन्छ । NAS 17 को para 33 को प्रावधान बमोजिम सञ्चालन पट्टाअन्तर्गत पट्टा अवधि भरका लागि गरिने सम्पूर्ण भुक्तानीलाई सो अवधिमा समदर रुपमा खर्च लेखाङ्कन गर्नु पर्ने व्यवस्था छ । यस सन्दर्भमा सहकारी संस्थाले सञ्चालन पट्टा (Operating Lease) व्यवस्थालाई अवलम्बन गरेको छ । सहकारी संस्थाले पट्टा (Lease) को पहिचान, मापन तथा लेखाङ्कन NFRS 16 – Lease को प्रावधानबमोजिम गरेको छ, जसअनुसार paragraph 33 B मा भएको व्यवस्थाबमोजिम साधारण मुद्रास्फीतिबापत हुने मूल्यवृद्धिको अवस्थामा समदर (straight line basis) बमोजिम लेखाङ्कन गर्नु नपर्ने गरी छुट प्रदान गरेकोले पट्टा खर्च यस वर्षको वास्तविक खर्च रकम लेखाङ्कन गरिएको छ । सहकारीको यस आ.व.मा यस्तो कुनै लिज रहेको छैन ।

### ३.१६ विदेशी मुद्रा अनुवाद

वित्तीय विवरण नेपाली रुँपैयामा प्रस्तुत गरिएको छ ।

सहकारीको यस आ.व.मा यस प्रकारको कारोवार भएको छैन र ऐन नियम बमोजिम संस्थाले विदेशी मुद्रामा कारोवार गर्न पाईदैन ।

### ३.१७ सेयर पुंजी तथा कोषहरु

संस्थाले पूंजीगत उपकरणहरू वित्तीय दायित्व वा इक्विटी उपकरणहरूको रूपमा उपकरणहरूको अनुबंध शर्तहरूको रूपमा वर्गीकृत गर्दछ । इक्विटीलाई संस्थाको कुल सम्पत्तिमा सम्पूर्ण दायित्व घटाए पछि अवशिष्ट रकमको रूपमा परिभाषित गरिएको छ । सहकारीका साधारण शेयरसदस्यहरुले वार्षिक साधारणसभाबाट पारित लाभांश पाउने अधिकार हुन्छ ।

सस्थाले सहकारी ऐन तथा नियमावलीको अधिनमा रहि यस वर्ष भएको करपछिको मुनाफा रकमलाई निम्नानुसार विभिन्न कोषहरुमा बांडफांड गरेको छ ।

**साबल सहकारी संस्था लिमिटेड**
का.म.न.पा.– ०४, धुम्बाराही चोक, काठमाडौं

संस्थाले आयकर पछिको नाफाबाट स्थगन कर पछिको पाकेको तर पाउनबाँकी ब्याजको रकम ब्याज मुल्तवी कोषमा लगिएको छ। त्यसपछिको ऐन बमोजिम वितरण योग्य नाफाको २५% जगेडा कोषमा छुट्याई बाँकी रकमलाई सत प्रतिशत मानी सहकारी ऐन, २०७४ र प्रदेश सहकारी ऐन २०७६ बमोजिम संरक्षित पुँजी फिर्ता कोषमा २५% र सहकारी प्रर्बद्धन कोषमा ०.५% बाँडफाँड गरिएको छ। बाँकी रकमलाई शतप्रतिशत मानी सहकारी नियमावली २०७५ र प्रदेश सहकारी नियमावली २०७६ साथै संचालक समितिको निर्णयानुसार देहाय बमोजिम बाँडफाँड गरिएको छ :

| कोषहरु | प्रतिशत/रकम |
|---|---|
| सहकारी शिक्षा कोष | ५% |
| घाटापूर्ति कोष | ५% |
| सहकारी विकास कोष | ५% |
| सामुदायिक विकास कोष | ५% |
| अन्य जोखिम व्यवस्थान कोष | ५% |
| विपत कोष | रु. १००,०००/- |
| शेयर लाभांश कोष | बाँकी रकम |

जगेडा कोष, संरक्षित पूँजी फिर्ता कोष, सहकारी प्रबर्द्धन कोष र लाभांस कोष भन्दा बाहेकका कोषहरुलाई नजीकको हजारमा लेखांकन गरिएको छ।

माथि उल्लेखित कोषहरुबाहेक निम्नानुसारका अन्य कोषहरु समेत रहने छन्।

**ब्याज मुल्तबी कोष (Interest Suspense Reserve)**

NFRS बमोजिमको लेखा नीति अपनाउने क्रममा विद्यमान लेखानीतिबाट फरक नीतिका कारण उत्पन्न हुने रकमहरुको कोष ब्याज मुल्तबी कोष हो। यस शीर्षकमा भएका कोषको रकमबाट लाभांश वितरण गर्न पाइदैन। यस कोषमा पाकेको तर प्राप्त नभएको ब्याज, सहकारी ऐन, नियम तथा निर्देशनबमोजिमको र NFRS मा भएको व्यवस्था बमोजिम कर्जा नोक्सानी बापत छुट्याइएको रकम बीचको अन्तर रकम, स्थगन कर बापतको रकम, अन्य विस्तृत आयमा पहिचान भएको वास्तविक नोक्सान बापतको रकम, NFRS अनुसार पहिचान भएको ख्याति बापतका रकमहरु आदी पर्दछन्।

यस आर्थिक वर्षमा निम्नानुसार ब्याज मुल्तबी कोष (Interest Suspense Reserve) रहेको छ

| क्र.स. | विवरण | रकम |
|---|---|---|
| १ | प्राप्त नभएको ब्याज आम्दानी | ४८,८२१,५५२ |
| २ | स्थगन कर | (४,८८२,१५५) |
| | **जम्मा** | ४३,९३९,३९७ |

**पूर्न मूल्यांकन कोष (Revaluation Reserve)**

NFRS बमोजिम Revaluation Reserve मा उचित मूल्य समायोजन हुने प्रकृतिको शेयरमा लगानी भएको अवस्थामा त्यस्तो सम्पत्ति पुनर्मूल्याङ्कन हुँदा हुने सबै उतारचढाव वा नोक्सानलाई यसैं कोषमा समायोजन गरिन्छ।

साबल सहकारी संस्था लिमिटेड
का.म.न.पा.– ०४, थम्बाराही चोक, काठमाडौं

### ३.१८ प्रतिशेयर आम्दानी

सहकारी संस्थाले NAS 33 - "Earnings Per Share" को प्रावधान बमोजिम आधारभूत प्रति शेयर आम्दानी (Earnings Per Share) को गणना गर्ने गरेको छ ।

### ३.१९ प्रस्तावित लाभांश

सहकारी संस्थाको सञ्चालक समितिको मिति २०७९/०८/२९ मा बसेको बैठकले सहकारी संस्थाका शेयरधनीहरुलाई २०७८/७९ को नाफाबाट १५ प्रतिशत बराबरको नगद लाभांश प्रदान गर्ने निर्णय गरेको छ, जुन वितरणका लागि वार्षिक साधारणसभाबाट पारित हुनु आवश्यक हुन्छ ।

### ३.२० सम्बन्धित व्यक्तिसँगको कारोबार

यस सहकारीको संचालक समिति र लेखा सुपरीवेक्षण समितिमा निम्नानुसारका पदाधिकारीहरु रहेका छन्, जसलाई सम्बद्ध व्यक्तिको रुपमा लिईएको छः

**सञ्चालक समिति**

| क्र.स. | पदाधिकारीहरुको नाम | पद | कैफियत |
|---|---|---|---|
| १. | श्री तीर्थराज खरेल | अध्यक्ष | - |
| २. | डा. याम बहादुर थापा | उपाध्यक्ष | मिति २०७८।१०।२२ को उपनिर्वाचनबाट निर्वाचित |
| ३. | श्री योगेन्द्रराज संग्रौला | सदस्य | - |
| ४. | श्री वासुदेव बिष्ट | सदस्य | - |
| ५. | श्री विनिता रंजितकार | सदस्य | - |
| ६. | श्री बलराम आचार्य | सदस्य | - |
| ७. | श्री कृष्णचन्द्र जोशी | सदस्य | - |
| ८. | श्री विनोद आचार्य | सदस्य | मिति २०७८।१०।२२ को उपनिर्वाचनबाट निर्वाचित |

**लेखा सुपरीवेक्षण समिति**

| क्र.स. | पदाधिकारीहरुको नाम | पद |
|---|---|---|
| १. | श्री कमल खरेल | संयोजक |
| २. | श्री राजु प्रसाद पौडेल | सदस्य |
| ३. | श्री ताराप्रसाद महर्जन | सदस्य |

संचालक समिति, लेखा सुपरीवेक्षण समिति तथा अन्य उप समितिहरुका पदाधिकारीहरुलाई प्रति बैठक रु. २,०००/- को दरले बैठक भत्ता भुक्तानी गरिएको छ ।

आ.व. २०७८/७९मा संचालक समितिका ८ जना सदस्यहरु मध्ये ४ जनालाई, लेखा सुपरीवेक्षण समितिका ३ जना सदस्यहरु मध्ये १ जनालाई र ऋण उप-समिति ३ जना सदस्यहरु मध्ये १ जनालाई, रु. ३७,११८,०००/- ऋण प्रदान गरिएको थियो जुन मध्य ३२ आषाढ, २०७९ मा रु. ३५,८५८,७१२/- बाँकी रहेको छ ।

साबल सहकारी संस्था लिमिटेड
का.म.न.पा.– ०४, धुम्बाराही चोक, काठमाडौं

कार्यकारी अध्यक्षलाई बार्षिक रुपमा भुक्तानि गरिएको तलब, भत्ता तथा सुबिधाको विवरण

| क्र.सं. | सुबिधा | रु. |
|---|---|---|
| १. | तलब | ६०२,८८०/- |
| २. | सञ्चय कोष थप | ६०,२८८/- |
| ३. | चाडपर्व खर्च | ५०,२४०/- |
| ४. | खाजा तथा परिवहन भत्ता | २७,१००/- |
| ५. | कर्मचारी बोनस | १,५०,७२०/- |
| ६. | वार्षिक तथा अर्धवार्षिक हिसाब मिलान खर्च | २५,१२०/- |
| ७. | औषधी उपचार भत्ता | २५,१२०/- |
| ८. | पोशाक भत्ता | १०,०००/- |
| ९. | वार्षिक प्रोत्साहन भत्ता | १,६७५/- |
| १०. | महंगी भत्ता | २४,०००/- |
| ११. | सञ्चित विदा वापत | २०,१००/- |
| | जम्मा | ९९१,२४३/- |

## आय व्ययको सारांश


रकम रु. हजारमा
१८००००
१६००००
१४००००
१२००००
१०००००
८००००
६००००
४००००
२००००
०
आम्दानी (ब्याज तथा अन्य)
ब्याज खर्च
प्रशासनिक खर्च
११०२८१
७३८१७
१०२९३
१३१७८२
९०९६९
१२९४६
१३६९३६
१०३५०८
११६५२
१३५३१२
९७५९५
१२०२६
१५७४५९
८७७४३
१५७७८
२०७४।७५
२०७५।७६
२०७६।७७
२०७७।७८
२०७८।७९
आर्थिक वर्ष

## निक्षेप संकलन, भुक्तानी र मौज्दात तालिका



## ऋण लगानी, असूली र बाक्की लगानी तालिका



## कुल आम्दानी, कुल खर्च र बचत (नाफा) तालिका



## साबल सहकारी संस्था लिमिटेड

आ.ब. २०७८।७९ को स्वीकृत बजेट र यथार्थ खर्च तथा आम्दानीको बिवरण र २०७९।८० को अनूमानित बजेट

| बजेट शिर्षक | आ.ब.२०७८।७९ को बजेट | २०७९ आषाढ ३२ सम्मको खर्च | खर्च प्रतिशत | आ.ब.२०७९।८० को अनूमानित बजेट |
|---|---|---|---|---|
| **बार्षिक कर्मचारी खर्च** | **७३,९३,०००।००** | **६५,४३,९७०।००** | **८९** | **१,०२,१६,०००।००** |
| बार्षिक तलब | ४१,००,०००।०० | ३७,५३,३४६।०० | | ६२,००,०००।०० |
| बार्षिक ग्रेड | ४,१५,०००।०० | ४,०५,३५९।०० | | ४,५०,०००।०० |
| खाजा भत्ता | २,२५,०००।०० | १,४४,२००।०० | | ३,००,०००।०० |
| परिवहन भत्ता | २,२५,०००।०० | १,४४,२००।०० | | ३,००,०००।०० |
| चाडपर्व खर्च | ३,७५,०००।०० | ३,६१,६८६।०० | | ५,१०,०००।०० |
| अधिक समय भत्ता | २,५०,०००।०० | १,२१,६७१।०० | | २,५०,०००।०० |
| पोशाक भत्ता | १,२०,०००।०० | १,१०,०००।०० | | १,४०,०००।०० |
| संचीतकोषमा थप अनूदान | ४,५०,०००।०० | ३,५६,३५४।०० | | ६,००,०००।०० |
| औषधोपचार भत्ता | २,००,०००।०० | १,४२,८०५।०० | | २,५५,०००।०० |
| महंगी भत्ता | २,७६,०००।०० | २,५६,०००।०० | | ३,३६,०००।०० |
| वार्षिक हिसाब मिलान भत्ता | २,००,०००।०० | १,६७,६३०।०० | | २,३०,०००।०० |
| फिल्ड निरिक्षण | १२,०००।०० | ,८,०००।०० | | ०।०० |
| संचित विदाका रकम खर्च | ५,००,०००।०० | ५,४९,०२४।०० | | ६,००,०००।०० |
| दैनिक भत्ता खर्च | ,२५,०००।०० | १३,४००।०० | | ,२५,०००।०० |
| वार्षिकोत्सब प्रोत्साहन | २०,०००।०० | ,१०,२९५।०० | | २०,०००।०० |
| | | | | |
| **बार्षिक कार्यालय संचालन खर्च** | **११,९७,६५,०००।००** | **९,२०,८१,९४३।३३** | **७७** | **११,७५,०५,०००।००** |
| व्याज खर्च | ११,२५,००,०००।०० | ८,७७,४३,४१०।५३ | | ११,००,००,०००।०० |
| मसलन्द तथा छपाई | २,००,०००।०० | १,७६,९३५।१४ | | २,२०,०००।०० |
| पुस्तक तथा पत्र पत्रिका | ,२५,०००।०० | १६,०१३।०० | | २५,०००।०० |
| सूचना प्रकाशन तथा बिज्ञापन | १,००,०००।०० | ८४,५०३।०० | | १,५०,०००।०० |
| **कार्यालय प्रयोजनार्थ परिवहन खर्च** | | | | |
| परिवहन तथा इन्धन | ,७५,०००।०० | ६९,६८०।०० | | १००,०००।०० |
| परिवहन | ५०,०००।०० | ५६,६२५।०० | | ७०,०००।०० |
| जेनेटर इन्धन | ,२५,०००।०० | १३,०५५।०० | | ३०,०००।०० |
| **सेवा महसुल** | | | | |
| बिजुली र पानी | २,७०,०००।०० | २,३६,३६०।०० | | २,७०,०००।०० |
| विजुली | २,००,०००।०० | १,७०,६१५।०० | | २,००,०००।०० |
| पानी | ७०,०००।०० | ६५,७४५।०० | | ७०,०००।०० |
| टेलिफोन संचार र इन्टरनेट | ७५,०००।०० | ४८,६३७।०० | | ७५,०००।०० |
| जम्मा | ११,३२,४५,०००।०० | ८,८३,७५,५३८।६७ | | ११,०८,४०,०००।०० |
| **बैठक भत्ता** | | | | |
| संचालक समिति बैठकभत्ता | ५,००,०००।०० | ३,९८,०००।०० | | ५,००,०००।०० |
| लेखा सूपरिबेक्षण समिति बैठकभत्ता | ३,५०,०००।०० | ३,१८,०००।०० | | ३,५०,०००।०० |
| विभिन्न उप समितिहरुको बैठकभत्ता | ६,००,०००।०० | ४,८२,०००।०० | | ६,००,०००।०० |
| जम्मा | १४,५०,०००।०० | ११,९८,०००।०० | | १४,५०,०००।०० |
| **अभ्यागत तथा खाजा खर्च** | | | | |
| संचालक समिति बैठक खाजा खर्च | ६०,०००।०० | ५५,१३०।०० | | ६५,०००।०० |
| लेखा सूपरीबेक्षण समिति बैठक खाजा खर्च | ६०,०००।०० | ६५,१९४।०० | | ७५,०००।०० |
| अन्य उपसमिति बैठक खाजा खर्च | ४०,०००।०० | ३५,०३२।०० | | ४५,०००।०० |
| अभ्यागत खर्च | १,५०,०००।०० | १२२,४४९।०० | | १,५०,०००।०० |
| जम्मा | ३,१०,०००।०० | २,७७,८०५।०० | | ३,३५,०००।०० |

| बजेट शिर्षक | आ.ब.२०७८।७९ को बजेट | २०७९ आषाढ ३२ सम्मको खर्च | खर्च प्रतिशत | आ.ब.२०७९।८० को अनुमानित बजेट |
|---|---|---|---|---|
| बिमा खर्च | ३,५०,०००।०० | ३,०६,५४५।०० | | ३,५०,०००।०० |
| कम्प्युटर सफट्वेयर तथा सेवा शूल्क | १,००,०००।०० | ३२,०९२।०० | | १,००,०००।०० |
| मर्मत तथा सम्भार खर्च | १,५०,०००।०० | ५,००३।०० | | १,५०,०००।०० |
| साधारण सभा खर्च | १५,००,०००।०० | ११,०७,८७४।०० | | १५,००,०००।०० |
| लेखा परीक्षण अन्य खर्च हिसाब | ,१०,०००।०० | ७२६।०० | | ,१०,०००।०० |
| लेखा परीक्षण शुल्क<br>आ.व ७८।७९ को बजेट १,२५,०००।०० मा नपूग रु.१,२०,०००।०० फूटकर तथा भैपरी आउने खर्च बजेटबाट रकमान्तर गरिएको | २,४५,०००।०० | २४५,०००।०० | | २,४५,०००।०० |
| तालिम खर्च | १,५०,०००।०० | १४,५४०।०० | | १,५०,०००।०० |
| कानूनी कार्य सम्बन्धी खर्च<br>आ.व ७८।७९ को बजेट १,००,०००।०० मा नपूग रु.५०,०००।०० फूटकर तथा भैपरी आउने खर्च बजेटबाट रकमान्तर गरिएको | १,५०,०००।०० | १५०,०००।०० | | १,००,०००।०० |
| सामाजिक सेवा खर्च | ४,००,०००।०० | २,६३,३३३।०० | | ४,००,०००।०० |
| संस्थागत बिकास खर्च | ५०,०००।०० | ०।०० | | ,५०,०००।०० |
| पदपुर्ति सम्बन्धी खर्च | १००,०००।०० | १३,२२१।०० | | १,००,०००।०० |
| परियोजना विकास खर्च | ४,००,०००।०० | ०।०० | | ४,००,०००।०० |
| कार्यालय सजावट खर्च | २५,०००।०० | ६,४६०।०० | | ,२५,०००।०० |
| संस्थागत व्यवसायिक प्रबर्द्धन कार्यक्रम खर्च | १,००,०००।०० | ०।०० | | १,००,०००।०० |
| पूजा खर्च | २५,०००।०० | १४,०१५।०० | | २५,०००।०० |
| कार्यालय सरसफाई खर्च | १००,०००।०० | २२,१४५।०० | | १००,०००।०० |
| सम्पत्ति कर | २५,०००।०० | ,७,३६५।०० | | २५,०००।०० |
| सदस्य विपद सहायता खर्च | २००,०००।०० | ,,०।०० | | २००,०००।०० |
| सिस्टम अपग्रेड खर्च | २००,०००।०० | ,,०।०० | | २००,०००।०० |
| घर जग्गा पूनरमूल्याङकन् खर्च | ५०,०००।०० | ,,०।०० | | ५०,०००।०० |
| प्रकाशन खर्च | १००,०००।०० | ,,०।०० | | १००,०००।०० |
| फुटकर खर्च / भैपरी आउने खर्च | ३,३०,०००।०० | ४२,२८०।६६ | | ५,००,०००।०० |
| जम्मा | ४७,६०,०००।०० | २२,३०,५९९।६६ | | ४८,८०,०००।०० |
| **जम्मा खर्च** | **१२,७१,५८,०००।००** | **९,८६,२५,९१३।३३** | ७८ | **१२,७७,२१,०००।००** |
| **सम्पत्ति तर्फ** | | | | |
| *बजेट शिर्षक* | *आ.ब.२०७८।७९ को अनुमानित बजेट* | *२०७९ आषाढ ३२ सम्मको खर्च* | | *आ.ब.२०७८।७९ को अनूमानित बजेट* |
| भवनमर्मत तथा संम्भार | १०,००,०००।०० | ६,३५,३६६।०० | | १०,००,०००।०० |
| फानचर<br>आ.व ७८।७९ को बजेट १,००,०००।०० मा नपूग रु.६,०६२।०० कार्यालय सामानहरुको बजेटबाट रकमान्तर गरिएको | १,०६,०६२।०० | १,०६,०६२।०० | | १,५०,०००।०० |
| कम्पुटर तथा संयन्त्र | ३,००,०००।०० | ३१,८००।०० | | ३,५०,०००।०० |
| कार्यालय सम्बन्धी सामानहरु | १,९३,९३८।०० | १,०३,९६४।०० | | २,००,०००।०० |
| कार्यालय सामान(अदृष्य सम्पति) | २००,०००।०० | | | २,००,०००।०० |
| जम्मा | **१८,००,०००।००** | **८,७७,१९२।००** | | **१९,००,०००।००,** |
| **कुल जम्मा खर्च** | **१२,८९,५८,०००।००** | **९,९५,०३,१०५।३३** | ७७ | **१२,९६,२१,०००।००** |
| **आय तर्फ** | | | | |

| बजेट शिर्षक | आ.ब.२०७८।७९ को बजेट | २०७९ आषाढ ३२ सम्मको खर्च | खर्च प्रतिशत | आ.ब.२०७९।८० को अनुमानित बजेट |
|---|---|---|---|---|
| आम्दानी शिर्षक | आ.व. ७८।७९को अनुमानित आम्दानी | आ.व ७८।७९को आम्दानी | | आ.व ७९।८० को अनुमानित आम्दानी |
| प्रवेश शुल्क | २०,०००।०० | ९,०००।०० | | २०,०००।०० |
| प्रतिबद्धता तथा नवीकरण शुल्क | ५५,००,०००।०० | ५५,६४,७०४।०० | | ६०,००,०००।०० |
| आम्दानी कमिशन | ५०,०००।०० | २४,०००।०० | | ५०,०००।०० |
| आम्दानी व्याज बैंक ब्याज सहित | १५,६४,००,०००।०० | १४,२७,८९,२४५।३७ | | १५,८०,००,०००।०० |
| घर बहाल आम्दानी | ४,२०,०००।०० | ६०,०००।०० | | ४२०,०००।०० |
| खाता बन्दी | १०,०००।०० | ४,१००।०० | | १०,०००।०० |
| लाभांश | ४०,००,०००।०० | ८९,४५,५४२।३८ | | ५०,००,०००।०० |
| आम्दानी बिबिध | २,००,०००।०० | ६३,१२६।७४ | | १,००,०००।०० |
| **कुल जम्मा आय** | **१६,६६,००,०००।००** | **१५,७४,५९,७१८।४९** | | **१६,९६,००,०००।००** |
| **कुल आय** | **१६,६६,००,०००।००** | **१५,७४,५९,७१८।४९** | **९५** | **१६,९६,००,०००।००** |
| **कुल व्यय** | **१२,७१,५८,०००।००** | **९,८६,२५,९१३।३३** | **७८** | **१२,७७,२१,०००।००** |
| **बचत** | **३,९४,४२,०००।००** | **५,८८,३३,८०५।१६** | **१४९** | **४,१८,७९,०००।००** |

# टिप्पणी